जनकपुर
टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

विवाहलगायत अन्य भोजभेतरमा फजुल खर्च रोकौं, सभ्य र जिम्मेवार नागरिकको परिचय दिऔं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष २५ • अंक २१६ • २०७९ साल पुस १६ गते शनिबार (31 December, Saturday, 2022) • पृष्ठ ८ • मूल्य रु. ५।-

# दलको नेता चयनमा सकस

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशमा दलको नेता चयन गर्न राजनीतिक दलहरुलाई सकस भएको छ । कुन पार्टीले नेतृत्व पाउने विषयको टुङ्गो नलाग्दा नेता चयनमा ढिलाइ समेत भएको छ । प्रदेशमा नेकपा एमाले ठूलो दल भए पनि यहाँ गठबन्धनका अन्य दललाई नेतृत्व दिने केन्द्रीय नेताहरुको हाल सम्मको तयारी छ ।

जनता समाजवादी पार्टी (जसपा) र जनमत पार्टीले यहाँ पहिलो पटकमा मुख्यमन्त्री पाउनु पर्ने दाबी गर्दै आएका छन् । कुन दलले पाउने तय हुन नसक्दा दाबेदार पार्टीहरुले दलको नेता चयन गर्न सकेका छैनन् । यद्यपि जसपाले नेता लाल किशोर साहको संयोजकत्वमा तीन सदस्यीय निर्वाचन समिति गठन गरिसकेको छ । समितिले सहमतिमा दलको नेता चयन गर्ने प्रयास गरिरहेको छ । तर सहमति नभए यही पुष १८ र १९ गतेको केन्द्रीय कार्यकारिणी समितिको वैठक पछि निर्वाचन गर्ने निर्वाचन समितिका संयोजक साहले जानकारी दिए ।

जसपामा सरोज कुमार यादव, लाल बाबु राउत र रामअशिष यादवले दाबी गरिरहेका छन् ।

जनमत पार्टीले पनि जसपाजस्तै केन्द्रको निर्णयलाई पर्खिरहेका छन् । हुनत मधेश प्रदेशमा दलको नेता चयन गर्ने सर्वाधिकार पार्टीका अध्यक्ष सीके राउतलाईनै दिइएको छ तर, केन्द्रले सरकार बाँडफाँटको विषयमा गर्ने निर्णय अनुसार दलको नेता चयन गर्ने जनमतले तयारी गरिरहेको छ । जनमतले नेतृत्व गर्ने अवसर पाए इन्जिनियर बसन्त कुशवाहालाई दलको नेता बनाएर मुख्यमन्त्री बनाउने गृहकार्यमा छन् । जनमतले नेतृत्व गर्ने अवसर नपाए अन्य सांसदलाई पनि दलको नेता बनाउन सक्ने नेताहरुको भनाइ छ ।

एमालेले पनि आगामी बुधबार सम्म दलको नेता चयन गर्ने तयारीमा छन् । यहाँ मुख्यतः दुई जना सांसदले दलको नेता बन्न दाबी गरिरहेका छन् । रामचन्द्र मण्डल र सरोज यादवले दलको नेतामा दाबी गर्दै आएका छन् । तर राजकुमार लेखीले पनि पार्टीले जिम्मेवारी दिए निर्वाह गर्ने मनसायमा छन् ।

# मधेश प्रदेशका १०४ सभासदले लिए शपथ

**राजन झा**

जनकपुरधाम । मधेश प्रदेशका सभासदहरुले पद तथा गोपनियताको शपथ लिएका छन् । शुक्रबार प्रदेशसभामा ज्येष्ठ सभासद गोविन्द बहादुर न्यौपानेले सभासदहरुलाई शपथ खुवाएका छन् ।

संघीयताको दास्रो कार्यकालको सुरुवातको लागि सभासदहरु निकै उत्साहपूर्वक शपथ ग्रहण कार्यक्रममा पुगेका थिए । उनीहरु आ-आफ्नै भेषभुषा, भूगोल, संस्कृति झल्किने पहिरन लगाएका थिए । नेपाली भाषामा ५५ जना र ४९ प्रदेशसभा सदस्यहरुले मातृभाषामा शपथ लिएका छन् । बज्जिका भाषामा १३, मैथिली भाषामा ११ र ७ जना प्रदेशसभा सदस्यहरुले भोजपुरी भाषामा शपथ लिएको प्रदेशसभा सचिवालयका सचिव रञ्जित यादवले जानकारी दिए ।

उनका अनुसार थारु, मगही र हिन्दी भाषामा २/२ जना प्रदेशसभा सदस्यहरुले शपथ लिएका छन् । विमला अन्सारी तरन्नुम उर्दुमा शपथ लिएकी छन् भने जनमत पार्टीका १३ जना प्रदेशसभा सदस्यहरु मध्ये १२ जना प्रदेशसभा सदस्यहरुले मधेशी भाषामा शपथ लिएका छन् । जनमत पार्टीको सतिश सिंहले मात्रै मैथिली भाषामा शपथ लिएका थिए ।

प्रदेशसभाले आगामी सोमबार बैठक बस्ने गरी अधिवेशन पनि आह्वान गरेका छन् । सो बैठक ज्येष्ठ सभासद गोविन्द बहादुर न्यौपानेले नै सञ्चालन गर्ने छन् । बैठक हुनुअघि दलको नेताहरुले कार्य सूची तय गर्ने छन् । सभासदहरुको शपथ ग्रहण भएसँगै अव पार्टीहरुले दलको नेता चयन गर्ने छन् । नेपाली कांग्रेसले दलको नेतामा विहीबार नै कृष्णा यादवलाई चयन गरिसकेका छन् । अन्य दलहरु शपथ ग्रहणकै पर्खाइमा थिए ।



अब उनीहरुले एक साताभित्र दलको नेता चयन गर्ने तयारीमा जुटेका छन् । जनता समाजवादी पार्टी (जसपा), जनमत पार्टी र नेकपा एमालेले मधेश प्रदेशमा कुन दलको नेतृत्व हुने सोको पर्खाइमा छन् ।

सोही अनुसार दलको नेता बनाउने तयारीमा छन् । यद्यपि जसपाले पनि संसदीय दलको नेता चयन गर्न तीन सदस्य निर्वाचन समिति गठन गरेका छन् । यहाँ लगभग जसपालाई नेतृत्व दिने निश्चितजस्तै छ । तर जनमतले पनि नेतृत्वमा दाबी गर्दै आएका छन् । एमालेले प्रदेश प्रमुख र सभामुख राखेर मुख्यमन्त्री गठबन्धनभित्रका अन्य दललाई दिने तयारीमा छन् ।

## दुई सभासदको शपथ रोकियो

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशमा निर्वाचन आयोगले निर्वाचित घोषणा गरेका दुई जनाको शपथ ग्रहण रोकिएको छ । नेकपा माओवादी केन्द्रका दुई समानुपातिक सभासदको शपथ ग्रहण रोकिएको छ ।

सर्वोच्च अदालतको आदेश अनुसार महोत्तरीका रज्जी हैदर र सप्तरीकी मालाकुमारी कर्णको शपथ ग्रहण रोकिएको प्रदेशसभाका सचिव रञ्जित यादवले जानकारी दिए । माओवादीकै समानुपातिक बन्दसूचीमा रहेकी खजान्ती महतो नुनियाले अदालतमा उत्प्रेषण मुद्दा दिएपछि शपथ ग्रहण नगराउन अदालतले आदेश दिएको थियो । निर्वाचन आयोगले माला कर्ण र





रज्जी हैदरलाई निर्वाचित भएको घोषणा गरे पनि प्रमाणपत्र दिइएको छैन् ।

मधेश प्रदेशमा माओवादीबाट चार जना समानुपातिकमा निर्वाचित भएका थिए । धनुषाबाट सुनिता यादव, सप्तरीबाट मालाकुमारी कर्ण, धनुषाबाट शारदा दास (पहाडी) र महोत्तरीबाट रज्जी हैदर निर्वाचित भएका छन् । सुनिता र माला मधेशी समूह, शारदा दलित र रज्जी मुस्लिम समूहबाट निर्वाचित भएका छन् ।

महतोले रिट दिँदा न्यायाधीश तिलप्रसाद श्रेष्ठको एकल इजलासले मंसिर २९ गते अल्पकालीन अन्तरिम आदेश जारी गरेको थियो । आदेशमा दुबै जनालाई तत्काल निर्वाचित नगर्न र संसदको काम कारबाहीमा सहभागी नगराउन आदेशमा उल्लेख गरिएको छ । पार्टीभित्र गुट उपगुटका कारण विवाद सिर्जना भएको छ । अब अदालतको फैसला अनुसार निर्वाचन आयोगले प्रमाणपत्र दिने छन् । सोही अनुसार प्रदेशसभाले शपथ खुवाएर संसदको काम कारबाहीमा सहभागी गराउने छन् ।







# भूमिहीन किसानलाई कृषि उपकरण



**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको मिथिला नगरपालिका-८, कुसुमबिछौनामा बगर खेती गर्दै आएका भूमिहीन किसानलाई कृषि उपकरण वितरण गरिएको छ।

कुसुमबिछौनास्ति बडहरी खोलाको नदी उकास जग्गामा तरकारी खेती गर्दै आएका भूमिहीन किसानलाई संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (युएनडिपी) को सहयोगमा सामुदायिक सुधार केन्द्र (सिआईसी) धनुषाद्वारा कृषि उपकरण वितरण गरिएको छ।

वितरण गरिएको कृषि उपकरणमा ३ थान हाते ट्र्याक्टर, ३ थान उडर मेसिन, १ थान सिड ड्रिल मेसिन र ३० थान सिडर मेसिन रहेको छ। ती कृषि उपकरणहरु मिथिला नगरपालिकाका नगर प्रमुख महेन्द्र महतोले हस्तान्तरण गरेका थिए।

त्यस अवसरमा मिथिला नगरपालिका वडा नं. ८ का वडाध्यक्ष विन्देश्वर महतो, सिआईसी धनुषाका अध्यक्ष सञ्जयकुमार साहलगायत स्थानीयवासीको उपस्थिति रहेको थियो। संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (युएनडिपी) र मिथिला नगरपालिकाको सहयोगमा सामुदायिक सुधार केन्द्र (सिआईसी) धनुषाले ६५ भूमिहीन किसान परिवारलाई तरकारी खेतीका लागि नदी उकास जग्गा उपलब्ध गराएको छ।

कोरोना प्रभावित र वैदेशिक रोजगारीबाट फर्किएका भूमिहीनलाई रोजगारी प्रदान गर्ने उद्देश्यले ६५ भूमिहीन किसान परिवारलाई ५ कठ्ठाका दरले जग्गा उपलब्ध गराइएको छ।

# सप्तरीमा एक वर्षमा १२ जनाको हत्या




**टुडे समाचारदाता**

राजविराज । सप्तरी जिल्लामा एक वर्षको अवधिमा १२ जनाको हत्या भएको छ।

यसरी हत्या गरिएकाहरुमा प्रहरीसमेत गरी ४ महिला र नवजात शिशुदेखि वृद्धवृद्धासम्म रहेका छन्। अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) सप्तरीद्वारा शुक्रवार राजविराजमा आयोजित नेपाल मानव अधिकार वर्ष पुस्तक २०२३ को पूर्व समीक्षा कार्यक्रममा सो तथ्यांक सार्वजनिक गरिएको छ।

इन्सेक प्रतिनिधि मनोहर पोखरेलद्वारा प्रस्तुत २०७८ पुस १७ गतेदेखि ०७९ पुस १६ सम्मको एक वर्षे घटना अभिलेख विवरणमा जिल्लामा विभिन्न हत्या घटनामा १२ जनाको ज्यान गएको उल्लेख गरिएको छ।

उक्त घटनाहरुमा संलग्न रहेको आरोपित १६ जनामध्ये ३ जना थुनामा, १ जना बाल सुधार गृहमा, ३ जना धरौटीमा रिहा भएको तथा बाँकी अझै फरार रहेको तथ्यांकमा उल्लेख छ।

प्रतिवेदनमा एक जना सशस्त्र प्रहरीको सहकर्मीद्वारा नै हत्या भएको उल्लेख छ। यस अवधिमा १ नवजात शिशु, २ युवती, २ बालक, १ बालिका, ३ युवक र ३ जना वृद्धवृद्धाको हत्या भएको प्रतिवेदनले देखाएको छ। यसै अवधिमा बलात्कारको १९ घटना भएको छ।

बलात्कारबाट पीडित हुने बालिका ९ देखि १८ वर्ष उमेर समूहका छन्। बलात्कार घटनामा १० जना आरोपित रहेकोमा ४ जना पक्राउ परेको र ६ जना अझै फरार रहेका छन्। गत वर्ष जिल्लामा बलात्कारका १६ घटना भएका थिए।

यसै अवधिमा बहुविवाहका १३, बाल दुर्व्यवहारका ६, गर्भपतनको १ तथा सञ्चारकर्मीमाथि दुर्व्यवहारका ४ घटना भएका छन्। इन्सेकका केन्द्रीय सदस्य वैद्यनाथ झाको अध्यक्षतामा आयोजित कार्यक्रममा प्रमुख जिल्ला अधिकारी भूपेन्द्र थापा, जिल्ला न्यायधिश हर्क बहादुर क्षेत्री, नागरिक समाज सप्तरीका अध्यक्ष थानसिंह भन्साली, उपसेनानी सदिच्छा भुजेल, समुदायिक सेवा केन्द्रका अध्यक्ष हितनारायण लाल दास लगायतले बढ्दो मानव अधिकार उल्लघंन तथा अपराधिक घटनाप्रति चिन्ता व्यक्त गर्दै अपराध न्यूनीकरणका लागि सबैले आ-आफ्नो क्षेत्रबाट भूमिका निर्वाह गर्ने प्रतिबद्धता जनाएका थिए।

# मुख्यमन्त्री राईद्वारा तमु ल्होसारको शुभकामना

विराटनगर। प्रदेश नं १ का मुख्यमन्त्री राजेन्द्रकुमार राईले गुरुङ जातिको महान् चाड तमु ल्होसारको सुखद् अवसरमा देश, विदेशमा बस्नुहुने सम्पूर्ण नेपाली दिदीबहिनी, दाजुभाइमा सुख, शान्ति, सुस्वास्थ्य, दीर्घायु एवं प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्नुभएको छ।

"तमु ल्होसार पर्व गुरुङ जातिले नयाँ वर्ष सुरुआतको रूपमा मनाउने गर्दछन्। दाजुभाइ आफन्त, नाताकुटुम्ब भेला भएर सामूहिकरूपमा खाना खाने यो पर्वमा मौलिक सांस्कृतिक नाचगान गर्ने, मान्यजनबाट आशीर्वाद लिने, परम्परागत जातीय वेषभूषा लगाउने चलन छ।

यो पर्वका बेला घाटु, सोरठी र चुड्का भनेर प्रचलित कौडा नाचेर आफन्त, परिवार र साथीभाइसँग रमाइलो गरिन्छ मुख्यमन्त्री राईको शुभकामना सन्देशमा उल्लेख छ। नेपाल सदियौँदेखि बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक मुलुकका रूपमा रहेको छ। यो मुलुक सांस्कृतिक परम्पराको दृष्टिकोणले सम्पन्न मुलुक हो। विभिन्न भाषा, संस्कृति, वेषभूषा, संस्कारसहित आ-आफ्नो जातीय पहिचान मानव सभ्यताका आधार स्तम्भ हुन्।

यस्तो विविधताको संरक्षण, प्रवर्द्धन र विकास गर्नु राज्य र सम्पूर्ण नेपालीको साझा दायित्व हो मुख्यमन्त्री राईले शुभकामना सन्देशमा उल्लेख गर्नुभएको छ।

हाम्रा जुनसुकै पर्वहरू राष्ट्रिय एकताको माध्यम बन्न सकोस् र यी पर्वहरूबाट सबैमा एकताको भावना विकास गराउन सहयोग पुगोस् भन्ने अपेक्षासहित संसारभरि फैलिएर रहेका नेपाली दाजुभाइ, दिदीबहिनीहरूमा तमु ल्होसारका अवसरमा उहाँले हार्दिक शुभकामना व्यक्त गर्नुभएको छ।रासस

# ब्याडमिन्टन प्रतियोगितामा चिल्ड्र्न गार्डेन विजयी

**टुडे समाचारदाता**

जनकपुरधाम । मिथिला ब्याडमिन्टन क्लबले आफ्नो चौथो वार्षिक साधारणसभाको अवसरमा हाजिरी जवाफ र ब्याडमिन्टन प्रतियोगिता आयोजना गरेको छ।




क्लबले माध्यमिक विद्यालय तहको नगरस्तरीय हाजिरी जवाफ र ब्याडमिन्टन प्रतियोगिताको आयोजना गरेको थियो।

प्रतियोगितामा हाजिरी जवाफतर्फ महेन्द्र माध्यमिक विद्यालय ढल्केवरका विद्यार्थी प्रथम स्थान हासिल गरेका छन् भने चिल्ड्रेन गार्डेन इंगलिस बोर्डिङ्ग स्कूल ढल्केवर दोस्रो र जनता माध्यमिक विद्यालय नकटाझिज तेस्रो भएका छन्।

हाजिरी जवाफ प्रतियोगितामा मिथिला नगरपालिका क्षेत्रभित्र रहेको आठवटा माध्यमिक विद्यालयले भाग लिएको थियो।

त्यस्तै, ब्याडमिन्टन प्रतियोगितामा ढल्केवरको चिल्ड्रेन गार्डेन इंगलिस बोर्डिङ्ग स्कुलका विद्यार्थी विजयी भए भने महेन्द्र माध्यमिक विद्यालय ढल्केवरका विद्यार्थी दोस्रो स्थानमा रहेका छन्। ब्याडमिन्टन प्रतियोगितामा नगरपालिकाभित्र रहेका छ वटा विद्यालयको सहभागिता थियो।

प्रतियोगितामा विजयी भएकाहरुलाई शिल्ड तथा प्रमाणपत्र प्रदान गरिएको थियो। विजयी विद्यार्थीलाई मिथिला उद्योग वाणिज्य संघ ढल्केवरका अध्यक्ष तेजनारायण साह, मिथिला ब्याडमिन्टन क्लबका अध्यक्ष सन्तोष महतो, मिथिला नगरपालिका कार्यसमितिका सदस्य विशेश्वरप्रसाद साहलगायतकाले शिल्ड तथा प्रमाणपत्र प्रदान गरेका थिए।

# शिवम बचतको वार्षिक साधारण सभा

**टुडे समाचारदाता**

वीरगञ्ज। शिवम बचत तथा ऋण सहकारी संस्था लिमिटेडको १२ औँ वार्षिक साधारण सभा शुक्रबार सम्पन्न भएको छ।

साधारणसभाको उद्घाटन गर्दै वीरगञ्ज महानगरपालिकाका प्रमुख राजेशमान सिंहले सहकारीहरुले आर्थिक पारदर्शीतालाई ध्यान दिँदै बचत तथा लगानी गर्नुपर्नेमा जोड दिएका छन्। उनले संचालकले पैसा जम्मा गरेर आफू अनुकूल प्रयोग गर्ने मात्रै नभइ शेयर सदस्यको हितमा काम गर्ने दायित्व पनि सहकारीको भएको बताए।

मेयर सिंहले सहकारीलाई आर्थिक संकलनका लागि मात्रै नलिइ सेवा भावका लागि पनि विकास गर्न सकिए मात्रै वास्तविक सहकारीको अवधारणाले मूर्त रुप लिने बताउँदै केही सहकारीको बदमासीले समग्र सहकारीमाथि प्रश्न उठेको भन्दै अब सहकारी संचालकहरु आफैँले पनि सहकारीलाई व्यवस्थित गर्न कदम चाल्नुपर्ने आवश्यकता रहेको बताए।




सहकारीका अध्यक्ष शिवजी साह कलवारले सभामा वार्षिक प्रतिवेदन प्रस्तुत गर्दै सहकारी संस्थामा आउने उतारचढावप्रति आफूहरु सजग रहेको बताए।

कर्मचारीहरुले नियमानुसार काम गर्ने र सञ्चालकहरुले संस्थाको सम्पतिलाई नियमानुसार परिचालन गरेमा संस्थाको वित्तीय अवस्था खराब नहुने भन्दै आफ्नो सहकारी संस्थाले विगत ४ वर्षदेखि प्रतिवद्धता गरे बमोजिम १८ प्रतिशत लाभांश वितरण गर्दै आएको र बचतकर्ताको हितमा काम गर्दै आएको दाबी समेत गरे।

साधारण सभाको उद्घाटन सत्रमा नेपाल बचत तथा ऋण सहकारी संस्था लिमिटेडका सञ्चालक हेराम पटेल, जिल्ला बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष राजेश पण्डित, नेपाल पत्रकार महासंघ मधेश प्रदेशका महासचिव श्याम बन्जारा, पर्साका उपाध्यक्ष युवराज खड्का, कलवार कल्याण समितिका अध्यक्ष ईन्द्रदेव प्रसाद साह, राष्ट्रिय सहकारी विकास बोर्डका निवर्तमान सञ्चालक शम्भु प्रसाद गुप्ता, जिल्ला बचत तथा ऋण सहकारी संस्थाका कोषाध्यक्ष नगनारायण सिंह लगायतले धारणा व्यक्त गरेका थिए।

# ठमेलमा अङ्ग्रेजी नयाँ वर्षमा सडक महोत्सव

काठमाण्डु । अङ्ग्रेजी नयाँ वर्ष २०२३ को अवसर पारेर राजधानीको प्रमुख पर्यटकीय नगरी ठमेलमा सडक महोत्सव गरिने भएको छ।

ठमेल पर्यटन विकास परिषद्को आयोजनामा कोभिडबाट थला परेको ठमेल क्षेत्रको पर्यटन प्रवर्द्धनका लागि यही पुस १६ गते साँझ ठमेलमा सडक महोत्सव हुन लागेको हो।

परिषद्ले आज बिहान स्काई लाइन होटल ठमेलमा आयोजना गरेको पत्रकार सम्मेलनमा परिषद्का अध्यक्ष भविश्वर शर्माले कोरोनाले थलिएको ठमेलको पर्यटन पुनरुत्थान गर्न अङ्ग्रेजी नयाँ वर्षको अवसर पारेर सञ्चयकोष अगाडिको मुख्य सडकमा ठमेल सडक महोत्सव आयोजना गर्न लागेको जानकारी दिनुभयो।

"'ठमेलमा जाऔँ, ठमेलमै बसौँ, ठमेलमै घुमौँ, ठमेलमै रमाऔँ' भन्ने मूल नाराका साथ सडक महोत्सव तथा बृहत सांस्कृतिक कार्यक्रम आयोजना गर्न लागेका छौँ", उहाँले भन्नुभयो। ठमेलमा आयोजना हुन लागेको सडक महोत्सवमा एक लाख व्यक्तिको सहभागिता रहने परिषद्ले जनाएको छ।

ठमेल सडक महोत्सवलाई सम्पन्न गर्न नेपाल प्रहरीसँग सुरक्षा व्यवस्थापन र ट्राफिक प्रहरीसँग ट्राफिक व्यवस्थापका बारेमा छलफल भइसकेको अध्यक्ष शर्माले बताउनुभयो। सो सडक महोत्सवमार्फत ठमेललाई विशेष पर्यटकीय क्षेत्र घोषणा गर्नसमेत माग गरिने अध्यक्ष शर्माले बताउनुभयो।

ठमेल पर्यटन विकास परिषद्का उपाध्यक्ष सहदेव धमलाले ठमेल सडक महोत्सवले ठमेलभित्रका व्यवसायीले आफ्ना वस्तु तथा सेवाको प्रवर्द्धन गर्न सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो। उपराष्ट्रपति नन्दबहादुर पुनको प्रमुख आतिथ्यतामा हुने उक्त कार्यक्रम पुस १६ गते साँझ ५:३० बजे सुरु भई सांस्कृतिक कार्यक्रम रातको १२:३० सम्म चल्ने उपाध्यक्ष धमलाले बताउनुभयो।

पछिल्लो समय ठमेल पर्यटन विकास परिषद्ले विभिन्न इन्टरनेट कम्पनीको सहकार्यमा ठमेलभित्रको अव्यवस्थित तारसमेत व्यवस्थापन गरिसकेको छ। अङ्ग्रेजी नयाँ वर्षलाई लक्षित गरी गर्न लागिएको सडक महोत्सव सम्पन्न गर्न रु २५ लाख हाराहारीमा खर्च हुने परिषद्का महासचिव राजिव पाण्डेले जानकारी दिनुभयो। उक्त सडक महोत्सवले व्यवस्थित ठमेल निर्माणमा सहयोग पुग्ने विश्वास आयोजकले लिएको छ।रासस

# परिचय पत्रको दर्ता स्टेशन

**रञ्जन यादव**

कलैया । उपमहानगरवासीको सहजताका लागि बाराको जीतपुरसिमरा उपमहानगरपालिकाले राष्ट्रिय परिचय पत्रको विवरण संकलन गर्न दर्ता स्टेशन राख्ने भएको छ।

जीतपुरस्थित वडा नं. ७ को कार्यालयमा दर्ता स्टेशन राख्ने उपमहानगरपालिकाले तयारी गरेको छ।उपमहानगरपालिकाले पुस १७ गते आइतवारदेखि दर्ता स्टेशन सुरु गर्ने भएको छ।

उक्त दर्ता स्टेशनबाट राष्ट्रिय परिचय पत्रका सम्पूर्ण काम हुनेछन्। दर्ता स्टेशनका रुजु अधिकारी एवम् जीतपुरसिमरा उपमहानगरपालिकाका अधिकृत सुदन चौधरीले परिचय पत्र बनाउन चाहने नगरवासीले दर्ता स्टेशनबाट सेवा लिन सक्ने बताए। यसअघि इलाका प्रशासन कार्यालयबाट परिचय पत्रको काम हुँदै आएको थियो।उक्त कार्यका लागि केन्द्रबाट एक जना प्राविधिक सहयोगी खटिएका छन्। प्राविधिक सहयोगीले अनलाइन फारम भर्ने र फोटो खिच्ने काम गर्छन् र सोको रुजु अधिकृत चौधरीले गर्छन्।

परिचय पत्रका बनाउनका लागि आवश्यक पर्ने कागजात उल्लेख गर्दै उपमहानगरपालिकाले सूचनासमेत जारी गरिसकेको छ।

बाराको १६ वटै स्थानीय तहमो राष्ट्रिय परिचय पत्रको विवरण संकलन गर्न दर्ता स्टेशन खोलिएको छ। जनताले आफनो स्थानीय तहबाट यो सेवा लिन पाउने छन्।

# महानगरपालिकाद्वारा तार व्यवस्थापन

**टुडे समाचारदाता**

वीरगञ्ज । वीरगञ्ज स्थित घण्टाघर क्षेत्रमा अव्यवस्थित रुपमा रहेको तार वीगञ्ज महानगरपालिकाले व्यवस्थापन गरेको छ।

नगरभित्र रहेका अव्यवस्थित तार व्यवस्थापन गर्ने अभियानअनुरुप महानगरले विद्युत् तथा टेलिकमका खम्बामा गुजुल्ट्याएर राखिएका तार हटाएको छ।

महानगरमा सेवा प्रवाह गर्दै आएका इन्टरनेट तथा केबल टिभीका प्रतिनिधिसहितको टोलीले घण्टाघर चोकदेखि जिल्ला प्रहरी कार्यालय अगाडिसम्मका खम्बामा रहेका अव्यवस्थित तार हटाएको छ। जथाभावी टाँगिएका तारका कारण नगरको सौन्दर्य बिग्रिनुका साथै दुर्घटनाको जोखिमसमेत देखिएकाले व्यवस्थित गर्न महानगरले सेवाप्रदायकको सहमतिमै व्यवस्थापन गर्न थालेको छ। इन्टरनेट सेवा प्रदायक संस्थाका प्रतिनिधिको उपस्थितिमा नै तार काटेर हटाइएको महानगरका सूचना प्रविधिक शाखाका बृजेश प्रधानले जानकारी दिए।

महानगरले अहिले अभियान चलाएर तार व्यवस्थित गर्ने काम गरिरहेको र आउँदा दिनमा तार लगाउँदा तोकिएको व्यवस्था अनुसार मात्रै लगाउन सूचना जारी गरेको छ।

## तपाईको आज
पण्डित : बम जी

| | |
|---|---|
| मेष | : भ्रमण अवसर हुने। |
| बृष | : बौद्धिक क्षमता। |
| मिथून | : प्रेम प्रसंग, मित्र सुख। |
| कर्कट | : नयाँ कार्य हुने। |
| सिंह | : अवसर प्राप्त। |
| कन्या | : वाद विवादबाट बच्नु। |
| तुला | : सुख समृद्धि हुने। |
| बृश्चिक | : धन बृद्धि सञ्चय। |
| धनु | : शिक्षामा उन्नति। |
| मकर | : पुरस्कार प्राप्त लाभ। |
| कुम्भ | : प्रतिभा सम्पन्नता। |
| मीन | : पारिवाहिक सुख। |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु



जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| आँखा अस्पताल | ५२०३९७ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |
| | | बारुण यन्त्र (जलेश्वर) | ०४४-५२००९७ |

## रत्न सागर मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने सयम | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम | : १०:०० बजे |

## जानकी मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |




मिथिलाको मौलिक पहिरनमा शपथग्रहणका लागि सहभागी हुँदै जनता समाजवादी पार्टी नेपालकी मधेस प्रदेशको प्रदेशसभा सदस्य किरण साह। *तस्बिरः रासस*

# सरकारी कार्यालयमा छड्के अभियान सुरु

काठमाण्डु । सेवाग्राहीलाई दिएको सेवा, सुविधा तथा कर्मचारीको नियमनका लागि जिल्ला प्रशासन कार्यालयले सरकारी कार्यालयको छड्के अनुगमन अभियान सुरु गरेको छ।

सरकारी कार्यालयबाट पाउने सेवाका बारेमा सेवाग्राहीको गुनासो बढ्दै गएपछि कर्मचारीको नियमित उपस्थिति र सेवाग्राहीको सेवा प्रवाहलाई सहज बनाउने उदेश्यले बिहीबारदेखि कार्यालयको छड्के अनुगमन अभियान सुरु गरिएको प्रमुख जिल्ला अधिकारी रुद्रादेवी शर्माले जानकारी दिनुभयो।

प्रशासनले प्रशासकीय अधिकृत उर्मिला खतिवडाको नेतृत्वमा बिहीबार जिल्लाका विभिन्न कार्यालयको अनुगमन गरी सरकारी कार्यालयका सेवाका बारेमा जानकारी लिएको उहाँले बताउनुभयो।

प्रजिअ शर्माले भन्नुभयो, “सरकारी तथा सार्वजनिक सेवा प्रवाहका क्रममा सेवाग्राहीले कुनै सास्ती भोग्न नपरोस् र सहजरुपमा सेवा प्रवाह होस् भन्ने हाम्रो उदेश्य हो, हामीले कार्यालय प्रमुखको मासिक बैठकमा पनि सेवा प्रवाह सहज बनाउन छलफल गरिरहेका हुन्छौं, यद्यपि सेवाग्राहीको गुनासो भने आइरहेकै छ, त्यसैले सरकारी कार्यालयका सेवालाई प्रभावकारी र सहज बनाउन अनुगमनको अभियान नै थालनी गरेका छौं, यसले सेवामा सुधार आउँछ भन्ने अपेक्षा लिएका छौं।”

कार्यालयले बिहीबारदेखि सुरु गरेको छड्के अनुगमनलाई निरन्तरता दिने जनाउँदै जिल्ला प्रशासन कार्यालयमै पनि सेवाग्राहीलाई सहज व्यवस्थापन गरेको र अन्य कार्यालयमा पनि सहज सेवा प्रवाह होस् भन्ने उदेश्य रहेको बताउनुभयो।

कार्यालयले बिहीबार यातायात व्यवस्था कार्यालय (सवारी चालक अनुमतिपत्र) मध्यपुर थिमि, यातायात व्यवस्था सेवा कार्यालय सल्लाघारी, भूमि सुधार तथा मालपोत कार्यालय, नापी कार्यालय र जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रलगायत सात वटा कार्यालयमा छड्के अनुगमन गरिएको उहाँले जानकारी दिनुभयो।

प्रशासनको छड्के अनुगमनमा निर्धारित कार्यालय समयमा हाजिरी, पोशाक, हेल्पडेस्क, नागरिक वडापत्र, उजुरी पेटिका, पार्किङ व्यवस्थापन, सूचना अधिकारी व्यवस्था, सरसफाइ, अभिलेख व्यवस्थापन, जिन्सी निरीक्षण, सेवाग्राही प्रतिक्षालय, खानेपानीको व्यवस्थालगायतका विषयमा अनुगमन गरिएको छ।

सबै कार्यालयमा सूचना अधिकारीको व्यवस्था, सेवाग्राहीलाई प्रतिक्षालयको व्यवस्था, उजुरी पेटिका राखेको, नागरिक वडापत्र राखेको, सरसफाइ रहेको, जिन्सी निरीक्षणलगायतका व्यवस्था भएको अनुगमनमा पाइएको उहाँले जानकारी दिनुभयो।

छड्के अनुगमनमा निर्धारित समयमा कार्यालयमा हाजिर नभएका २७ कर्मचारी, पोशाक नलगाएका १२ कर्मचारी, कार्यालयमा विनासूचना अनुपस्थित भएका १८ कर्मचारीलाई कारणसहितको लिखित जवाफ दिन निर्देशन दिइएको प्रजिअ शर्माले जानकारी दिनुभयो।रासस

# गुणस्तरीय शिक्षाका लागि बेथितिको अन्त्य आवश्यक : मन्त्री साह

कलैया । बिनाविभागीय मन्त्री ज्वालाकुमारी साहले शिक्षामा देखिएको बेथिति अन्त्य नगरेसम्म गुणस्तरीय शिक्षा प्राप्त नहुने बताउनुभएको छ।

रामराजा मोहनविक्रम शाह बहुमुखी क्याम्पसको १५औं सभालाई कलैयामा सम्बोधन गर्दै मन्त्री साहले नागरिकलाई गुणस्तरीय शिक्षा उपलब्ध गराउन मुलुकको शिक्षा क्षेत्रमा देखिएका विकृति र विसङ्गतिको अन्त्य हुनुपर्ने बताउनुभयो।

जिल्लाकै जेठो क्याम्पस रामराजाले गुणस्तरीय शिक्षा प्रदान गर्न नसक्दा यहाँका विद्यार्थी अन्यत्र जानुपर्ने बाध्यता रहेको उहाँको बुझाइ छ।

शिक्षक तथा प्राध्यापकहरूले पठनपाठनमा भन्दा राजनीतिमा बढी समय दिंदा प्रभावकारी र गुणस्तरीय शिक्षा प्राप्त हुन नसकेको उहाँको आरोप छ।

कार्यक्रमलाई सम्बोधन गर्दै कलैया उपमहानगरपालिका प्रमुख विनोद साहले गुणस्तरीय शिक्षाका लागि आफू क्याम्पसलाई सहयोग गर्न तयार रहेको बताउनुभयो।

क्याम्पस सञ्चालक समितिका अध्यक्ष प्रभुनाथ पटेलको अध्यक्षतामा सम्पन्न कार्यक्रममा बारा नागरिक समाजका अध्यक्ष उमेशलाल दास, नेकपा एमालेका सचिव अध्यानन्द पाण्डेय, क्याम्पस प्रमुख रविभूषण कुसवाहा, सञ्चालक समितिका उपाअध्यक्ष जङ्गबहादुर चौरसिया, प्रध्यापक अमित मिश्र लगायतले क्याम्पसको सफलताको शुभकामना व्यक्त गर्नुभएको थियो।रासस

# महोत्तरीमा चिसो छल्न विद्यार्थी घरमै

महोत्तरी । चिसो बढेपछि महोत्तरीमा विद्यार्थी घरमै बस्न थालेका छन् । अधिकांश विद्यालयमा अत्यधिक चिसोका कारण विद्यार्थी सङ्ख्या ह्वात्तै बढेको छ । तीन दिनयता जिल्लाका सबैजसो भेगमा दिनभरि नै बाक्लो हुस्सु लागेर मुटु कमाउने सिरेटो लगातार बहिरहेपछि स-साना बालबालिकाको स्वास्थ्यलाई ख्याल गर्दै जाडो बिदा दिन थालिएको छ।

मनराशिशवा नगरपालिकाले नगर क्षेत्रका सबै विद्यालयमा जाडो बिदा दिएको छ । “घाम नदेखिएको तीन दिन भइसक्यो, दिनभरि चिसो स्याँठ चल्छ”, मनराशिशवाका प्रमुख मोहन पाण्डेले भन्नुभयो। शुक्रबारसम्म बिदा दिइएको छ। नगरपालिकामा आधारभूत र मावि तहका गरी १६ विद्यालय छन्। जिल्लाका अन्य १४ स्थानीय तहका विद्यालयमा पनि अधिकांश विद्यार्थी चिसोका कारण विद्यालय आउन छाडेका छन् । केही दिनयता विद्यार्थीको उपस्थिति ह्वात्तै घटेको छ। मौसममा सुधार नभए केही दिन बिदा दिने तयारी भएको सो नगरपालिकाका प्रमुख सञ्जीवकुमार साहले बताउनुभयो। मनराशिशवा नगरपालिकाले बस्तीबस्तीका चोकमा दाउराको व्यवस्था गरेको छ।

यसैगरी मटिहानी नगरपालिकाले नौवटै वडाका बस्तीमा ‘सुनौलो हजार दिन’ (गर्भवती अवस्थादेखि शिशु स्याहारसम्म चरणको अभियानमा आबद्ध) आमालाई पोषिलो आहारसहितको झोला वितरण सुरु गरेको छ।रासस

# वीरगञ्ज नाकामा उच्च सतर्कता



वीरगञ्ज। भारतमा पछिल्लो पटक कोरोना भाइरसको सङ्क्रमण देखापरेपछि सोको रोकथामका लागि वीरगञ्ज नाकामा उच्च सतर्कता अनपाउन थालिएको छ।

भारतमा कोभिड सङ्क्रमित दैनिक बढिरहेकाले त्यहाँबाट वीरगञ्ज प्रवेश गर्ने यात्रुलाई अनिवार्य जाँच गरेर मात्रै भित्र्याउन थालिएको हो।

कोरोना भाइरसको सङ्क्रमण छिमेकी देशमा फैलिरहेको र त्यसलाई यहाँ भित्रिन नदिन उच्च सतर्कता अपनाउनुपर्ने देखिएकाले मुख्य नाकामा रहेको हेल्थ डेस्कको सेवा प्रवाह थालिएको छ।

हेल्थ डेस्कमा आवश्यक स्वास्थ्य उपकरण, मास्क, स्यानिटाइजरलगायतकासामग्रीकोकुनै कमी हुन नदिने गरी चुस्त राख्न वीरगञ्ज महानगरपालिकाका नगरप्रमुख राजेशमान सिंहले स्वास्थ्यकर्मीलाई निर्देशनसमेत दिनुभयो।

कोभिड सङ्क्रमण फैलन नदिन सबैले सतर्कता अपनाउनुपर्ने देखिएकाले महानगरले आवश्यक आन्तरिक तयारी गर्न प्रवेशद्वारमा रहेको हेल्थ डेस्कको अनुगमन गरिएको महानगरका प्रमुख प्रशासकीय अधिकृत लक्ष्मीप्रसाद पौडेलले बताउनुभयो।

अहिले दैनिक एक जनाको एन्टिजेन परीक्षण हुनाका साथै दुई सय जनाको स्क्रिनिङ गर्ने काम गरिरहेको हेल्थ डेस्कका चिकित्सक डा अनिसा साहले जानकारी दिनुभयो।

नेपालीको तापक्रम स्क्रिनिङ गर्ने गरिएको र विदेशीलाई भने एन्टिजेन नै परीक्षण गरेर पठाउने गरिएको हेल्थ डा साहले बताउनुभयो।

हेल्थ डेस्कमा अहिले बिहान र बेलुकाको समयमा एन्टिजेन परीक्षण र शरीरको तापक्रम जाँच गर्ने गरिएको छ। हेल्थ डेस्कको सरसफाइ र मर्मतसम्भार गर्नुपर्ने कामलाई अघि बढाउन पनि कर्मचारीलाई निर्देशन दिएको प्रमुख प्रशासकीय अधिकृत पौडेलले बताउनुभयो।

**महानगरपालिकाले अव्यवस्थित तार व्यवस्थापन गर्दै**

यहाँको घण्टाघर क्षेत्रमा अव्यवस्थित रुपमा रहेको तार वीगञ्ज महानगरपालिकाले व्यवस्थापन गरेको छ । नगरभित्र रहेका अव्यवस्थित तार व्यवस्थापन गर्ने अभियानअनुरुप महानगरले विद्युत् तथा टेलिकमका खम्बामा गुजुल्टयाएर राखिएका तार हटाएको हो।

महानगरमा सेवा प्रवाह गर्दै आएका इन्टरनेट तथा केबल टिभीका प्रतिनिधिसहितको टोलीले घण्टाघर चोकदेखि जिल्ला प्रहरी कार्यालय अगाडिसम्मका खम्बामा रहेका अव्यवस्थित तार हटाएको छ।

जथाभावी टाँगिएका तारका कारण नगरको सौन्दर्य बिग्रिर्नाका साथै दुर्घटनाको जोखिमसमेत देखिएकाले व्यवस्थित गर्न महानगरले सेवाप्रदायकको सहमतिमै व्यवस्थापन गर्न थालेको हो।

यसअघि टोलीले आदर्शनगर क्षेत्रका खम्बामा टाँगिएका तार काटेर हटाएको थियो । महानगरका प्रमुख राजेशमान सिंहले नगर क्षेत्रका अव्यवस्थित तार हटाउन निर्देशन दिएसँगै तार व्यवस्थान गर्ने अभियानले गति लिएको छ।

इन्टरनेट सेवा प्रदायक संस्थाका प्रतिनिधिको उपस्थितिमा नै तार काटेर हटाइएको महानगरका सूचना प्रविधिक शाखाका बृजेश प्रधानले जानकारी दिनुभयो । महानगरले अहिले अभियान चलाएर तार व्यवस्थित गर्ने काम गरिरहेको र आउँदा दिनमा तार लगाउँदा तोकिएको व्यवस्थाअनुसार मात्रै लगाउन सूचना जारी गरेको छ।रासस

# फोन र ल्यापटप ल्याउँदा भन्सार लाग्ने निर्णय खारेज गर्न माग

काठमाण्डु। प्रवासी नेपाली मञ्च, अन्तर्राष्ट्रिय कमिटीले वर्षौं विदेशमा पसिना बगाएर परिवारलाई उपहारको फोन र ल्यापटप ल्याउँदा भन्सार अनिवार्य गर्ने सरकारको निर्णय खारेज गर्न माग गरेको छ।

नेपाल बाहिर प्रवासमा अवस्थित गैरआवासीय नेपालीले घर फर्किंदा एउटा मोबाइल र ल्यापटप ल्याउँदा पनि भन्सार तिर्नुपर्ने नियम प्रवासी नेपाली श्रमिकको हित विपरीतको भएको उल्लेख गर्दै उक्त निर्णय खारेज गर्न आग्रह गरेको हो।

मञ्चका अध्यक्ष सञ्जय थापाद्वारा जारी प्रेस विज्ञप्तिमा सरकारको उक्त निर्णय अव्यवहारिकका साथै प्रवासी नेपालीको हितमा नभएकाले तत्काल खारेज गर्न सरकारसँग माग गरेको छ। “विदेशमा वर्षौंसम्म रगत, पसिना बगाएर आफ्नो जहान परिवारलाई एउटा मोबाइल र छोराछोरीका लागि एउटा ल्यापटप ल्याउँदा पनि भन्सार लिनु भनेको प्रवासी श्रमजीवी नेपालीमाथिको निर्मम शोषण हो”, विज्ञप्तिमा भनिएको छ।रासस

# दुःखका दिन गए’

जनकपुरधाम । भनिन्छ, “जे भाग्यले गर्दैन् त्यो व्यापारले गर्छ”, हो सप्तरीको शम्भुनाथ नगरपालिका-१० जमुवाकी लक्ष्मीकुमारी रामको जीवनमा यो भनाइ सत्य सावित भएको छ । केही वर्षअघिसम्म दुई छाक कसरी टार्ने भन्ने चिन्ताले पिरोलिएकी उहाँको अब भने त्यो दुःखको दिन गएको छ।

पुँजीको आभावमा आर्थिक उन्नति गर्नसमेत सोच नबनाएकी उहाँ अहिले किराना व्यापार गरेर मनग्य आम्दानी लिन थाल्नुभएको छ। गाउँको साहुमा हरवाचरवाको काम गरी जीविकोपार्जन गर्दै आउनुभएकी रामको परिवारमा केही वर्षअघिसम्म दुःखको पहाड लागेको थियो तर ऋण लिएर गाउँमै किराना पसल खोलेपछि दुःख विस्तारै हराउन थालेको राम बताउनुहुन्छ।

“केही नगरी जीवनस्तर उकास्न सकिन भन्ने बुझेर दुई वर्षअघि न्युन पुँजीमा किराना पसल सञ्चालन गरे अहिले जीवनमा ठूलो परिवर्तन आएको छ”, उहाँ भन्नुहुन्छ, “व्यापार गर्ने इच्छा भए पनि पुँजी आभावका कारण त्यसले मूर्तता पाउन सकेको थिएन, तर २०७८ सालमा द फ्रिडम फन्डको सहयोगमा श्रीपुर्राज सामुदायिक विकास केन्द्रले सञ्चान गरेको हरवाचरवा सशक्तीकरण अभियान कार्यक्रमअन्तर्गत गठित माँ भगवती बचत तथा ऋण समूहबाट ऋण लिएर व्यापार सुरु गरेपछि आफ्नो सपना साकार भएको उहाँको कथन छ।

यस्तै सप्तरीको शम्भुनाथ-९ बसलबलपुरकी सुखरीदेवी रामलाई पनि अचेल तरकारी खरिद बिक्री गर्न भ्याननभ्याइ हुन्छ । समान्य लेखपढ गर्नसमेत नजानेकी सुखरीदेवीलाई बिहान हुने बित्तिकै तरकारी कहाँबाट खरिद गरेर ल्याउने र नजिकको सहर बजारमा कतिबेला पुऱ्याउने भन्ने हतारो हुन्छ।

एक वर्षअघिसम्म पुँजीको अभावमा आयआर्जनको कुनै काम गर्न नसकेकी उहाँ अहिले भन्ने गाउँ नजिकैको सहर बजारमा तरकारी खरिद बिक्री गरेर राम्रो आम्दानी गर्दै आउनुभएको छ। आयआर्जनको गतिलो आधारसँगै सुखरीदेवीको जीवनमा परिवर्तन मात्र होइन, परिवारको पहिचानसमेत फेरिएको छ।

आयआर्जनको ठोस आधार नपाउँदा केही वर्षअघिसम्म गाउँकै साहु महाजन कहाँ बनिबुतो गर्दै आएको विगतको अतित सम्झिँदै सुखरीदेवी भन्नुहुन्छ, “पहिले हरवाचरवाको रुपमा ज्याला मजदुरीमा सधैँ काम गरेर जीविकोपार्जन गरिरहेको थिएँ, बालबच्चालाई पालनपोषण गर्न धौ-धौ हुन्थ्यो।” अहिले भन्ने स्वतन्त्ररुपमा सानो व्यापार गरेर राम्रो आम्दानी हुन थालेको छ, जसका कारण सन्तुष्ट छु, उहाँको भनाइ छ।



“दिनभरि ज्याला मजदुरीमा काम गर्दा मात्र थोरै मात्र ज्याला पाउँथ्ये, त्यसकारण परिरवार चलाउन समस्या हुन्थ्यो”, उहाँ भन्नुहुन्छ, “तर अब मेरो त्यो दुःखको दिन कटेको छ।” अहिले तरकारी व्यापार गरेरै पाँच जना परिवारको गुजारा चलाउँदै आएको छु, उहाँको भनाइ छ। शम्भुनाथ नगरपालिका-५ की सैन्कीदेवी मण्डल पनि गाउँमै चटपटे पसल सञ्चालन गरी राम्रो आम्दानी कमाइ रहनुभएको छ । केही महिनाअघिसम्म साहु महाजनमा मजदुरी गर्दै आएकी सैन्कीदेवीलाई यतिबेला चटपट बनाएर बिक्री गरी दैनिक रु चार सयदेखि पाँच सयसम्म कमाइ भइरहेको छ।

आफ्नै घर अगाडि सञ्चालन गरेको चटपट्टी व्यापारले सैन्कीको मात्रै होइन, उहाँको सिङ्गो परिवार नै सुखी र खुसी बनेका छन् । “परिवारका सदस्यको समेत राम्रै साथ पाएकी छु”, उहाँ भन्नुहुन्छ, “चटपटे व्यापार गरेर परिवारको गुजारा चलाउनुका साथै छोराछोरीको पढाइ खर्चसँगै परिवारमा आइपर्ने आर्थिक समस्या पनि समाधान गर्दै आएकी छु।”

आर्थिक विपन्नता र चेतनाको अभावमा साहु महाजनमा श्रम गर्दै आएकी लक्ष्मीकुमारी, सुखरीदेवीरसैन्कीदेवीको जीवनमा आएको यो परिवर्तन कुनै चमत्कारिक शक्तिबाट नभई श्रीपुर्राज सामुदायिक विकास केन्द्रले सञ्चालन गरेको हरवा सशक्तीकरण कार्यक्रमबाट आएको हो। “सुरु सुरुमा म धेरै लजाउँथे, के गरौं नगरौं भन्ने थाहै थिएन्, सधैँ मजदुरी गरेर जेनतेन परिवार मात्रै पालथ्ये”, लक्ष्मीकुमारी राम भन्नुहुन्छ, “तर, जब श्रीपुर्राज सामुदायिक विकास केन्द्रले गाउँमै हरवाचरवा परिवारलाई लक्षित गरेर कार्यक्रम सञ्चालन गरे, तबदेखि हाम्रो जीवनमा परिवर्तन आयो।”

द फ्रिडम फण्डको सहयोगमा श्रीपुर्राज सामुदायिक विकास केन्द्रले सञ्चालन गरेको सामाजिक परिचालन तथा शिक्षाको माध्यमबाट हरवाचरवाको सशक्तीकरण कार्यक्रमअन्तर्गत गाउँकै महिलाको सक्रियामा गठन भएको बचत तथा समुहमा आबद्ध भएकी उहाँहरू त्यही समूहबाट ऋण लिएर व्यापार सुरु गरेको बताउनुहुन्छ । सिरहाको लहान, गोलबजार, धनगढीमाई तथा सप्तरीको वीरेन्द्र बजार, राजविराजबाट तरकारी खरिद गरी गाउँसँगै नजिकैको कठौना, ट्राफिक बजारलगायतको बजारमा तरकारी व्यापार गर्दै आएकी सुखरीदेवी भन्नुहुन्छ, “अहिले त्यही तरकारी व्यापारबाट दैनिक रु पाँच सयदेखि रु सात सयसम्म कमाइ भइरहेको छ।”

आफू आबद्ध भएको जितमहान बाबा बचत तथा ऋण समूहबाट रु सात हजार ऋण लिएर सुरु गरेको तरकारी व्यापार फस्टाउँदै गएपछि ऋण चुक्ता गएर समूहमै बचत गर्दै आएको उहाँ बताउनुहुन्छ। साधारण लेखपढ गर्न मात्र जानेकी सुखरीदेवी समूहमा लागेपछि निधक्कर्ता पूर्व बोल्न सक्ने मात्र होइन् आम्दानी गर्ने र बचत गर्ने बानीको समेत आफूमा विकास भएको बताउनुहुन्छ।

लक्ष्मी कुमारी राम आबद्ध माँ भगवती बचत तथा ऋण समूहमा २१ जना महिला र तीन जना पुरुष गरी २४ जना सदस्य आबद्ध छन् । हरेक सदस्यले बचत समूहका मासिक रु एक सयका दरले बचतसमेत गर्दै आएको समूहका अध्यक्ष रमितादेवी सदाले बताउनुभयो । सदस्यले मासिकरुपमा गरेको बचत रकम रु २४ हजारभन्दा बढी पुगेको छ, समूहका अध्यक्ष सदाले भन्नुभयो, “बचत भएको रकम समूहकै सदस्यमा ऋण लगानी गर्ने गरेका छौं।” जसले महिलामा बचतसँगै ऋण प्रवाहको समेत विकास भएको उहाँको बुझाइ छ।

पछिल्लो केही वर्षयता हरवाचरवा दलित महिलामा आएको परिवर्तन र देखिएको उत्साहजनक सहभागिताले साकारात्मक सन्देश दिएको श्रीपुर्जि सामुदायिक विकास केन्द्रका सहजकर्ता बिजली रामको भनाइ छ । “केही वर्षअघिसम्म साहुमहाजनमा मजदुरी गर्दै आएकाका चरवाचरवा परिवारका महिला विस्तारै साना व्यवसायमा हौसिदै गएका छन्”, सहजकर्ता राम भन्नुहुन्छ, “पछिल्लो समय उहाँहरूले देखाएको उत्साहबाट पाठ सिकेर अन्य महिला अघि बढ्न सके आर्थिकसँगै समाजिक क्षेत्रमा समेत ठूलो परिवर्तन आउन सक्छ।”रासस

# बुस्टर खोपका लागि ‘गाभी’ लाई सरकारको पत्र

काठमाण्डु । सरकारले छिमेकी देशमा कोरोना भाइरसका सङ्क्रमण बढिरहेकाले अतिरिक्त मात्रा (बुस्टर डोज)का लागि खोप ल्याउने प्रक्रिया सुरु गरेको छ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले बुस्टर डोजका लागि खोप ल्याउन ‘भ्याक्सिन र खोपका लागि ग्लोबल एलायन्स ‘गाभी’लाई पत्र लेखेको छ।

स्वास्थ्य सेवा विभागको परिवार कल्याण महाशाखाको खोप शाखाका प्रमुख सागर दाहालले बिहीबार १५ लाख खोपका लागि ‘गाभी’ लाई पत्र पठाइएको जानकारी दिनुभयो।

गाभीले कोभ्याक्स सुविधामार्फत् नेपाललाई खोप उपलब्ध गराउनेछ। “कोरोना भाइरसको सङ्क्रमण बढ्दै गएपछि बुस्टर खोप लगाउन खोप ल्याउनका लागि हिजो कोभ्याक्सलाई पत्र लेखेका छौं”, उहाँले भन्नुभयो, “यही पुसको तेस्रो हप्तामा कोभ्याक्सले खोप पठाउने जानकारी दिन्छ।” उहाँले खोपबारे जानकारी प्राप्त भइसकेपछि चाँडै नै खोप नेपाल ल्याउने बताउनुभयो।

सरकारले बुस्टर डोजका लागि मात्र प्रयोग हुने फाइजर खोप ल्याउन थालेको हो । औषधि व्यवस्था विभागले बुस्टर डोजका लागि मात्र प्रयोग गरिने भएकाले ‘आकस्मिक अनुमति प्रयोग’ पत्र दिएपछि खोप शाखाले कोभ्याक्सलाई पत्र पठाएको हो । विभागका प्रवक्ता सन्तोष केसीले बुस्टर डोजका लागि मात्र प्रयोग गर्न मिल्ने भएकाले परिवार कल्याण महाशाखाको खोप शाखालाई अनुमतिका लागि पत्र दिएको जानकारी दिनुभयो । “बुस्टर डोजका लागि मात्र प्रयोग गर्न मिल्ने भएकाले विभागले अनुमति दिएको हो”, उहाँले भन्नुभयो, “बुस्टर डोजका लागि ल्याउन थालेको खोप नियमित खोपभन्दा फरक भएकाले अनुमति दिनुपरेको हो।”रासस

# जनकपुर टुडेको फेसबुक पेजमा विभिन्न पाठकहरूले पठाएका कविता/गजलहरू

## कविता

प्यारमे लागल बोखार
हमरा क्ष्नलयचभ करै छी कि प्यार
आहा लागि बुझाइ छि हम बेकार
हमरा से नइ बोलै छि अहा त
जेना बुझाइय लाइग गेल हमरा बोखार ॥
आहा छि हमर दिल के पास
हमरा लागि बहुते खास
हमरा से आहा नइ बोलै छि त
हम बइन जाइ छि जिन्दा लास ॥
आहा पहिले पहिले केली बहुते प्यार
आब कैला करइ छि इनकार
हमरा से आहा नइ बोलै छि त
जेना बुझाइय लाइग गेल हमरा बोखार ॥
आहा के पाबे लागि करै छि प्रयास
कइला नइ होइय आहा के एहसास
आहा जे हमरा छोइर देबइ त
बइन जेबइ जुवारी,खेल लगबै तास॥
हम चाहै छि उठालु आहा जिन्दगी के भार
कहुन,आहा के कथी हय बिचार
हमरा से आहा नइ बोलै छि त
जेना बुझाइय लाइग गेल हमरा बोखार ॥



**रचनाकार :- राधेश्याम राउत(सुर्या बाबु )**
**ठेगाना :- जनकनन्दनी गा. पा. ०५ (बनरझुला)**

## कविता

बेटा लभ करैय
चलैय नाम हमर गाउँमे
बाउँ विदेश आ माई हमर घरमे
बाउँ आ माई बेटा से प्रेम करैय
लेकिन बेटा कलेजमे लभ करैय ॥
बाउँ विदेशके आ माई घरके काम करवे करतै
भले रहतै गर्मी विदेशमे ,बाउँ डिउटी जेबे करतै
भले रहउ माई अकेले घरमे अखारके धान रोपेवे करतै
बाउँ विदेशसे आ माई घरसे रुपैयाँ देबे करैय
लेकिन बेटा कलेजमे लभ करैय ॥
बाउँ जवानी विदेशमे कटलकै
माई कटलकै घरमे
आ बाबा दादीके सहरा छिनलकै
पोतापोती बैठके सहरमे
बेटाके एको रती लाजो नइ लगैय
लेकिन बेटा कलेजमे लभ करैय ॥
बेटा घर परिवारके कैलकै विनास
अपन त अपन लरकियोके कैलकै नसा
तु हि छे हमर सान,त हि छे हमर अभिमान
हमरा हमर बाउँ कहैय
लेकिन बेटा कलेजमे लभ करैय ॥



**लेखक-बसन्त कुमार यादव**
**ठेगाना -कल्याणपुर न.पा ४ (महुलिया)**

## कविता

मानिस ठुलो कर्म ले हुन्छ जातले हँदैन
महिनत गर्नु लाज मान्नु हुदैन
पैताला मुनि माटोमा सबैलाइ टेक्नु पर्दछ
जति कमाए हजारौ करोडौ
खानु त किसानले उब्जाएको बालिनालि नै हो
कच्चापदार्थ बिना कुनै समाग्री तयार हुदैन
मानिसको महिनत बिना फल प्राप्त हुदैँन
भन्छन मुख दिइ पठायो भगवानले
आहरा उसले सबैलाइ पुर्याउछ नै
बाँचुन्जेल सत्कर्म र महिनत गर्नु
बन्जर ठाँउमा पनि उब्जनि हुनसक्छ
रेगिस्तान भएका ठाउँहरु लहलहाउँदो भइसके
हामि त कृषिप्रधान भुमिमा जन्मेका छौं
फुलौ फलाऔ आन्नदमय जिवनयापन गरौ



**प्रमोद राम**
**जनकपुर ९**

## कविता

मैले कहाँ भुल्न सकुला र
त्यो दिन, म जन्मेको दिन, सायद
हजुर बा को मन खुसीले नाचेको थियो होला
सायद बा को अनुहारमा सूर्य जतिकै चमक अनि
मन, चन्द्रमा जतिकै शितल भएको थियो होला ि
कसैलेँ नाति भयो कि नातिनी? भनी सोध्दा सायद
आकाश जतिकै विशाल छाती फुलाइ
शिर, हिमाल जतिकै उच्च बनाइ, बा ले
ँनाति भयो, एक नाति अनि एक नतिनी भए अब
भनी मुसुक्क हाँस्दै अनि
ठट्टा शैलीमाँ बोक्नलाई एउटा काध बढ्यो
भन्नु भयो होला सायद ।
कसैलेँ तपाईको भाग्य कति चम्किलो । ओहो, नातिनी पनि नाति पनि
पाउनु भयो है भनी भनेको सुन्दा
तपाईको मन अझ बढी हर्षले उफ्रेको थियो होला,
है बा ।
हजुरबाको रुप,ओहो,
शिरमा ढाका टोपी शरीरमा दौरा सुरुवाल
अनि टमक्क परेको इस्टकोट
कालो कपडाको जुत्ता ती पाउमा
यी सङ्गै दायाँ हातमा बाँसको लौरी
आहा! उधुमै सुहाएको,
अनि बायाँ हातको चोरी औंला समातेर
ओराली उकाली हिँडेको म
कहाँ सजिलैसङ्ग भुल्न सकुँला र बा ।
दराजमा राखिएको काजु, बिस्कुट, घिउ, मिस्री,
आदि इत्यादि सुटुक्कँ ला खा भनी दिनुभएको
अनि कहिले २ रुपैया त कहिले ५ रुपैया
हातमाँ खाजा खा है भनेर थमाइ दिनुभएको मलाई
मैले कहाँ सजिलैसँग भुल्न सकुँला र बा ।
बाहिरी कुशक्तिको प्रभाव पर्दा ती पवित्र
हत्केला फिजारी मलाई बचाउनुभएको
अनि संस्कार, संस्कृती, संघर्ष र कर्मको
मीठो ज्ञानसङ्गै बताउनु भएको
ती मनोरञ्जनात्मक कथा मलाई
मैले कहाँ सजिलैसँग भुल्न सकुँला र बा ।
ँयो खेती म गर्छु बा भन्दा
त्यो हर्ष मुहारमा झल्कदा
सबै काम सकि म पसिनाले नुहाएर घर आइ
थचक्क बस्दा तपाईंलेँ ला तलाइँ खर्च
भनी १०० २०० रुपैया दिनुभएको मलाई
मैले कहाँ सजिलैसँग भुल्न सकुँला र बा ।
ँल हिड पहिरोमा बाख्रा पाठा चराउन
भनी सङ्गै गोठालो बनाइ लैजानु भएको
अनि चिया पसलमा पुर्याइ
चिया र बिस्कुट किनि दिनुभएको मलाई
मैले कहाँ सजिलैसँग भुल्न सकुँला र बा ।
यस्तै गरि समयको नदिमा बगिरहेको जीवनको डुङ्गा
कहाँ ठोकियो अत्तोपत्तो भएन
जन्मिसकेपछि मृत्युको सामना गर्नु पर्छ है भन्ने
प्रकृतिको नियम नै रहेछ भन्ने अत्तोपत्तो रहेन ।
बा! ए बा! भनी बोलाको मैले कति कति
नचलेको देख्दा तपाईंको शरीर र श्वास
स्थिरमा थिएन, बिग्रीएका थिए मेरो मन र मति
मौन थियो सब मौन हुनुहुन्थ्यो तपाइँ
त्यो दुःखका आँसु, त्यो मौनता र त्यो कालो दिन
मैले कहाँ सजिलैसँग भुल्न सकुँला र बा ।
साथ तपाइँको अहिले नभएपनी
तपाईंले छोडी गएको प्रेम, संस्कार,
संघर्षसंगै कर्मको ज्ञान अझै पनि अमर छन् बा
चयन गर्दैछु म सधै गरिरहन्छु पनि
तपाइँका ती अमृतरुपी शब्दहरु बा ।
शिर ठाडो पारी, छाती ठूलो बनाइ
हिड्छु आजभोलि म बा।
सम्झना सधै आउँछ बा तपाईको
अनि तपाईंले गर्ने माया मलाई
मैले कहाँ सजिलैसङ्ग भुल्न सकुँला र बा
मैले कहाँ सजिलैसङ्ग भुल्न सकुँला।



**लेखक राजन दास**

## कविता

"सँजुको पर्खाईमा"
तिमि बिना को जीवन कहिले पर्खाईमा बिते,
कहिले आँशु मा डुबेर बिते,,
एक्तामा बसेर तिमीलाई नै सम्झेर बिते,
कयौं रात कयौ दिन ओजल मै बिते,,,
कहिले कहालिँदो रातमा ब्युझेर ,,,
सपना हरु एक एक टुटे..कहिले सागर झैँ आँखा बाट
आँशु झरेर नै बिते ,
तिमि बिना का ति पल हरु
न रंग न उमंग रोएर नै बिते ,,,,
सजायका ति सपना हरु एक एक बेलुन झैँ फुटे,,,
देखेका ति सपना हरु .तीम्रो पर्खाईमा बिते
हेरक मन का चाहना हरु पर्खाईमै बिते,,,
कहिले तड्पिएर बिते '
ति खुसि का पल हरु बाडी आएको नदि झैँ ..
धमिलिएर बिते,,,
जीवन का उकाली ओराली का ति गोरेटा संगै,,,
जीवन का पल हरु पर्खाईका सुस्केरा संगै बिते,,,,
उदासी हावा हरु आई कहिले उडाई छरपास्ट त..
कहिले भुमरी , भित्रै रुमलि दियो..
यस्तै यस्तै मा दिन बिते,,,,
जीवन का हेरक क्षेण हरु तीम्रो पर्तिक्षा को पर्खाई मा बिते
यही हो मेरो जीवन पछिको पर्खाई
यो कविता आज फेरि पोस्ट गर्न मन लाग्यो !



**सँजय कुमार यादव(सँजु)**
Rajarshee **जनक क्याम्पस** (BBS)
**ठेगाना:- मुखियापत्ती मुसहर्निया-५(नवटोली)**

## कविता

हे मेरा समाज
आफ्नो नाम जान्नु अघि घरको बोझ बनायै तिमी
बालपनमै भेदभावको अर्थ सम्झायै तिमी ।
छोरालाई प्रइभेट छोरीलाई सरकारी स्कुल पठायै तिमी ॥
छोरी जन्मदा आफनो घरलाई आफ्ने घर भन्न बाट
बञ्चित गरायौ तिमी
छोरा साथी सँग बाहिर जादा आर्शिवाद र छोरी साथीसंग
बाहिर जादा रोक लगायौ तिमी ॥
छोरालाई आत्मनिर्भ छोरीलाई अरुमा निर्भर बन्न
सिकायौ तिमी
छोरा भोकाउदा मिठो पक्वान र छोरी भोकाउदा भोकै
बस्न सिकायौ तिमी
छाराले छोरी भगाएर ल्यउँदा भित्रीयायौ तिमी तर छोरी
भाग्दा घरको इज्जत लुटाइस भनेर कलंक लगायौ तिमी
एउटै आमाले छोरीलाई मात्र जन्म दिदा नीपूत्र, बाझ
भनेर कलंक लगायौ तिमी ।
आधुनिकीकरणको समयमा गर्भमै छोरी छ थाहा पाउदा
संसारमा आउनु अघि अबिध बच्चालाई मार्यौ तिमी



**चांदनी कुमारी**
**बानेश्वर नगरपालिका ४**

## हम हु छी व्यापारी

व्यापार के चिन्ता करैत करैत हम भगेल छी आधकपारी हम
हु छी व्यापारी। ग्राहक के बाट तकैत तकैत आईख भजाई
आइछ भारी हम हु छी व्यापारी । घरपाटि के भारा दैत दैत
बेच देलाउ घर घरारी हम हु छी व्यापारी।
बैंक के वियाज बढैत बढैत भगेल छई पलरा भारी तहियो
कहबै छी हम व्यापारी। व्यापार हेतैइ ओइ के आस तकैत
तकैत बुझैए भजेबै भिखारी हम हु छी व्यापारी।
कत जाऊ कत स लाउ पहिला जका इमान्दारी जब चोरे
कैर रहल छै देश के चौकीदारी।
सुनाई छी फेरो आइब रहल छै कोरोना बीमारी आब जे
एलाई कोरोना त हम भजेबै लचारी हम हु छी व्यापारी।
उघारी मे फैस के लिख देल्यै घर घरारि हम हु छी व्यापारी।
व्यापार स निक हमरा कताउ भजैतै नोकरी सरकारी हम हु
छी व्यापारी ।



**लेखक दिपक निधि जनकपुरधाम -४**

## छोडे

आफ्नो सँसारकै लागी,मैले यो सँसार छोडे
हे!दैव एउटीको लागि मैले अहाँ,हजार छोडे
कस्तो रहर यो मेरो मनले उब्जाएको हो खै?
भत्केको झोपडीको लागि मैले दरबार छोडे
उ पाउँ भने आसमा म,आफ्नो आफन्त बिर्से
उसकै लागि म आफ्नो सबै घरपरिवार छोडे
यति गरेर पनि मैले,उलाई पाउन सकेन कुनि
पछुतो किन म बेकारमा मायाको बजार छोडे
यहिँ अव्स्थामा मान्छे न घर को न त घाटको
उहीँ नै घाउ दिई जसको लागि म हतियार छोडे



**रचना:-रमेश मँडल धानुक**
**मिथिला बिहारी नगरपालिका-१**
**भुतही पटेर्वा, धनुषा,नेपाल**

# क्यूएफएक्सले निर्माता बचाउन खोजेको कि आफू बच्न ?

काठमाण्डु । कुनै बेला काठमाडौंका गोपीकृष्ण, विश्वज्योति, अष्टनारायण जस्ता हलबाट निर्माताले सर्वाधिक शेयर हात पर्ने गरेका थिए । केही वर्षयता नेपालको सबैभन्दा ठूलो मल्टीप्लेक्स चेन क्यूएफएक्सले यसको बिडो उठाएको छ । क्यूएफएक्समा मात्रै पनि फिल्मले राम्रो व्यापार गरे निर्माताको लगानी सुरक्षित हुने अवस्था छ । काठमाडौंभित्र ५ र मोफसलमा ६ वटा स्टेशनमा यसका स्क्रिन छन् ।

तर, क्यूएफएक्समा फिल्म लगाउन निर्मातालाई सोचे जस्तो सजिलो भने छैन । क्यूएफएक्सको म्यानेजमेन्ट टिमले त्यस फिल्मका कलाकारको स्टारडम र अघिल्लो फिल्मले गरेको व्यापार, निर्देशक र निर्माताको अघिल्लो फिल्मको व्यापारिक नतिजा हेरेर मात्र शो बाँडफाँड गर्छ र फिल्म हेरिसकेपछि चलाउने वा नचलाउने निर्णय गर्छ । त्यसैले क्यूएफएक्समा फिल्म चलाउन सहज छैन ।

देशकै ठूलो मल्टीप्लेक्स चेन भएकाले क्यूएफएक्स बेला बखतमा फिल्मकर्मीको निशानामा पनि पर्ने गरेको हुन्छ । कसैले राम्रो शो नदिएको त कसैले शो टाइम कुबेलाको भएको भन्दै गुनासो पोख्छन् । अब यी कुराबाट बच्न क्यूएफएक्स टिमले एउटा मितिमा ठूला ब्यानर र ठूला स्टारको एक मात्र फिल्म प्रदर्शन गर्ने भएको छ । यो निर्णयलाई कसैले समर्थन त कसैले विरोध गरेका छन् ।

फिल्म जुधाउने परम्परा अन्त्य गर्न यो निर्णय गरिएको क्यूएफएक्स सञ्चालकको भनाई छ । एक हिसाबले यो सही हो । निर्माताहरु आ-आफैं जुधेर दोष हलवाला र वितरकमाथि थोपार्ने प्रवृति व्याप्त छ । क्यूएफएक्स चेन त यसको बारम्बार शिकार नै भइसकेको छ । यसैले एउटा मितिमा ठूलो फिल्म एउटा मात्र रिलिज गर्ने क्यूएफएक्स टिमको निर्णय निर्माताका लागि पनि हितकारी नै छ ।

तर, यो निर्णय गरिरहँदा नेपाली फिल्मसँग विदेशी फिल्म नजुधाउने परम्परा पनि क्यूएफएक्सले अन्त्य गर्न सक्नु पर्छ । सम्भवतः यो निर्णय क्यूएफएक्सले बेहोसीमा पनि गर्न सक्दैन । व्यापारको कुरा न छ । किनकि, प्रदर्शकलाई नेपालीभन्दा विदेशी फिल्ममाथि बढी भरोसा हुन्छ । तर, विदेशी फिल्मले नेपाली फिल्मलाई पारेको असरबारे क्यूएफएक्स टिम कहिल्यै चिन्तत हुन सकेको छैन ।

नेपाली फिल्मसँग विदेशी फिल्म जुधाउन मिल्ने नीति बोक्दासम्म क्यूएफएक्स चेनले एउटै मितिमा दुई ठूला नेपाली फिल्म जुधाउन नपाउने निर्णय गर्नु आफैंमा विरोधाभास हो । यसले फिल्म क्षेत्रमा फोहोरी राजनीतिको जन्म गराउनेमा दुईमत छैन ।

# 'कबड्डी ४' पछि 'नाङ्गो गाउँ' मा दयाहाङ र मिरुना




काठमाण्डु । यस वर्षको ब्लकबस्टर फिल्म 'कबड्डी ४'को जोडी दयाहाङ राई र मिरुना मगरले पुनः स्क्रिन साझेदारी गर्ने भएका छन् । फिल्म 'जारी'मा पनि एकसाथ काम गरेको यो जोडीले दीपेन्द्र लामाको लेखन तथा निर्देशनमा बन्न लागेको नयाँ फिल्म 'नाङ्गो गाउँ'मा तेस्रो पटक काम गर्न लागेको हो । आरआर फिल्म्सले वितरण गर्ने फिल्ममा हिमाल शर्मा प्रस्तुतकर्ता र जय श्रेष्ठ निर्मातामा रहेका छन् ।

यी दुईबाहेक अन्य कलाकारको छनोट चाँडै हुने लामाले बताए । फिल्ममा दयासँगै अर्का एक जना नायकको पनि मुख्य भूमिका रहने बताउँदै दीपेन्द्रले केही दिनमा सम्पूर्ण ' कास्ट एन्ड क्रियू' सार्वजनिक गर्ने जानकारी दिए । आगामी चैत्र महिनाबाट छायांकन सुरु हुने फिल्मले राजनीतिक कथा प्रस्तुत गर्ने लामाको भनाई छ । उनी फिल्म उत्कृष्ट बनाउने कुनै कसर नछाड्ने दाबी गर्छन् ।

उनले भने- 'फिल्मले मानव जातीको लाचारीपना, निर्लज्जता र ढोंगप्रति कडा ब्यङ्ग्य गर्नेछ । फिल्ममा दर्शकले हाँस्यरस, प्रेम र कारुणीकताको पनि आनन्द लिन पाउनेछन् ।' फिल्मको कथा लेखन अन्तिम चरणमा पुगेको जानकारी दिँदै उनले कुनै पहाडी गाउँमा छायांकन हुने बताए । लामाले 'घामपानी, गोपी, छ माया छपक्कै र २ नम्बरी' गरी चार फिल्म निर्देशन गरिसकेका छन् ।

# रणवीरको 'सर्कस' ले दम तोड्यो



काठमाण्डु । फिल्म 'सिम्बा'पछि बलिउड सुपरस्टार रणवीर सिंहको स्टारडमको जादू बक्सअफिसमा देखिन सकेको छैन । अघिल्लो वर्षको '८३' र यस वर्ष रिलिज भएको 'जयेशभाई जोरदार' दुवै फिल्म व्यवसायिक रुपमा असफल भएका थिए । यो सूचिमा फिल्म 'सर्कस' पनि थपिने लगभग निश्चित देखिएको छ । १ सय ५० करोडमा बनेको फिल्मले लगानीको आधा हिस्सा पनि उठाउन नसक्ने पक्का छ ।

अघिल्लो हप्ता प्रदर्शनमा आएको फिल्मले एक हप्तामा ३० करोड ४० लाखको कमाई गरेको छ । बिहीबार फिल्मले २ करोड १० लाखको कमाई गरेको ट्रेड एनालिस्टले उल्लेख गरेका छन् । रणवीरको स्टारडमको हिसाबमा फिल्मको यो कमाईलाई अत्यन्त निराशाजनक मानिएको छ ।

दिनप्रतिदिन कलेक्सनमा भारी गिरावट आइरहेकाले फिल्म ४० करोड आसपासमा थन्किने देखिन्छ । 'सर्कस' ६० को दशकको प्लटमा बनेको हो, जसमा केही सिनले हाँसोको वर्षा गर्छ । तर, झुर पटकथाका कारण फिल्म असफल बन्न पुगेको हो । यो फिल्मलाई निर्देशक रोहित सेट्टी र रणवीर सिंहको करिअरकै कमजोर फिल्मको रुपमा टिप्पणी गरिएको छ । लगातार तीन फिल्म फ्लप हुँदा रणवीरको करिअरमा संकटको बादल छाएको छ । अब उनी फिल्म छनोटमा गम्भीर हुनुपर्नेछ ।

'सर्कस'लाई रोहितले आफ्नो 'गोलमाल' फ्रेन्चाइज जस्तै सिचुएशनल कमेडीमा तयार पारेका छन् । फिल्ममा रणवीर सिंह र वरुण शर्मा डबल रोलमा छन् । फिल्ममा रणवीरको एक चरित्रलाई इलेक्ट्रिक म्यान बनाइएको छ, जसलाई विजुलीको झट्काको कुनै असर हुँदैन । रोहितले ६० को दशकलाई जीवन्त बनाउने कोशिस गरेको भएतापनि अनावश्यक रंगको प्रयोगले आँखा विझाउँछ ।

# प्राप्त जिम्मेवारी उत्कृष्ट ढङ्गले सम्पादन गर्न प्रहरीलाई गृहमन्त्रीको निर्देशन

काठमाण्डु । उपप्रधानमन्त्री एवम् गृहमन्त्री रवि लामिछानेले शुक्रवार प्रहरी प्रधान कार्यालयको निरीक्षण भ्रमण गर्नुभइ उपस्थित प्रहरी कर्मचारीलाई प्राप्त जिम्मेवारी उत्कृष्ट ढङ्गले सम्पादन गर्न निर्देशन दिनुभएको छ । उहाँले प्रहरी कर्मचारीको मनोबल उच्च पारी नागरिकमैत्री प्रहरी सेवा प्रवाह गर्ने वातावरण सिर्जना गराउन तालुक मन्त्रालयबाट सहयोग र सहजिकरण गर्न सदैव तत्पर रहेको समेत बताउनुभयो ।

गृहमन्त्री लामिछानेले सर्वसाधरणको प्रहरी सेवामा सहज पहुँचको व्यवस्था र दण्डदहिनताको अन्त्यको साथै भ्रष्ट्राचारमा शून्य सहनशिलताको नीति व्यवहारमा लागू गर्न समेत निर्देशन दिनुभयो । उहाँले गुण्डागर्दी, सीमा क्षेत्रमा हुने भन्सार छलि, तस्करी तथा अन्य अनियमितता, लागूऔषध बिक्री वितरण र सेवनलाई पूर्णत निस्तेज पार्न विषेश कार्ययोजना बनाई कार्यसम्पादन गर्न पनि निर्देशन दिनुभयो ।

कानुन कार्यान्वयनको शिलसिलामा कसैको दवाव र प्रभावमा नपरी निष्पक्ष र पारदर्शी भई कानुनले दिएको अधिकार पूर्ण प्रयोग गर्न पनि आग्रह गर्नुभयो । सो अवसरमा गृहमन्त्री लामिछानेलाई प्रहरी महानिरीक्षक धीरजप्रताप



सिंह, प्रहरी अतिरिक्त महानिरीक्षक, प्रहरी नायव महानिरीक्षकलगायत वरिष्ठ प्रहरी अधिकृतले स्वागत गर्नुभएको थियो । निरीक्षण भ्रमणका क्रममा गृहमन्त्री लामिछानेले नेपाल प्रहरी प्रधान कार्यालयस्थित पोलीग्राफ विभाग र डाटा सेन्टरको निरीक्षण गर्नुका साथै त्यससम्बन्धी गतिविधिबारे जानकारी हासिल गर्नुभयो ।

गृहमन्त्री लामिछानेले नेपाल प्रहरी प्रधान कार्यालय अन्वेषण योजना तथा विकास निर्देशनालयले तयार पारेको 'सेवा प्रतिको सन्तुष्टि र कार्यसम्पादनमा प्रभाव पार्ने तत्व : नेपाल प्रहरीमा कार्यरत जुनियर प्रहरी अधिकृतको मामला अध्ययन' र 'नेपाल प्रहरीमा युवाको आकर्षण र विकर्षणको अवस्था विषयक' छुट्टाछुट्टै अध्ययन प्रतिवेदन सार्वजनिक पनि गर्नुभयो । कार्यक्रममा गृहमन्त्री लामिछानेले उपस्थित प्रहरी अधिकृत तथा जवान एवं भिडियो कन्फेरेन्समार्फत सात वटै प्रदेश प्रहरी कार्यालयका प्रमुख, नेपाल प्रहरी प्रदेश कार्यालयका प्रमुख, गण प्रमुख, नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालयका प्रमुख तथा सबै जिल्लाका प्रहरी प्रमुखहरूलाई निर्देशन सम्बोधन गर्नुभएको थियो ।

उहाँले जस्तोसुकै विषम परिस्थितिमा पनि विचलित नभई अहोरात्र जनताको सेवामा खटिइ देशको आन्तरिक शान्ति सुव्यवस्था कायम गर्नुको साथै अपराधको रोकथाम तथा नियन्त्रण र अपराध अनुसन्धानमा उल्लेखनीय भूमिका निर्वाह गर्दै आइरहेको भन्दै प्रहरीको प्रशंसा गर्नुभयो । सङ्गठनको निर्माण र उच्च छवि बनाउन योगदान दिनुहुने सम्पूर्ण पूर्वप्रहरी अधिकृत र बहालवाला प्रहरी अधिकृत तथा जवानप्रति समेत उहाँले सम्मान प्रकट गर्नुभयो ।

सङ्गठनको विकास र विस्तार तथा प्रहरी कर्मचारीको वृत्ति विकास गर्ने कार्यलाई प्राथमिकता दिइने प्रतिवद्धता जनाउँदै गृहमन्त्री लामिछानेले भन्नुभयो, "आवश्यकतानुसारको प्रहरी कार्यलयको भौतिक संरचना निर्माण गर्न मन्त्रालयको सहयोग रहनेछ ।' प्रविधिको विकाससँगै त्यसको दुरुपयोगबाट सिर्जित अपराधको अनुसन्धानको चुनौतिको सामना गर्न नेपाल प्रहरीलाई मजबुद बनाउन आवश्यक रहेको उहाँले उल्लेख गर्नुभयो ।

समारोहमा प्रहरी महानिरीक्षक धीरजप्रताप सिंहले गृहमन्त्रीज्यूबाट भएको अत्यन्त सारगर्भित, समयसापेक्ष र व्यावसायिक निर्देशन कार्यान्वयनका लागि प्रतिबद्ध रहेको बताउनुभयो । उहाँले सङ्गठनको नीति अनुरूप कार्यसम्पादनको मूल्याङ्कनको आधारमा सरूवा, बढुवा पारदर्शीरूपमा हुने एवं प्रहरी अधिकृतको सरूवा उनीहरूको व्यावसायिकता तथा दक्षताको आधारमा गरिएको पनि जानकारी गराउनुभयो ।रासस

# प्रधानमन्त्री प्रचण्डलाई चिनियाँ प्रधानमन्त्रीको बधाई सन्देश

काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'लाई चिनियाँ प्रधानमन्त्री ली खछ्याङले नेपाल सरकार र नेपाली जनताप्रति आफूको पूर्णसाथ रहने बताउनुभएको छ ।

नवगठित सरकारका प्रधानमन्त्रीलाई एक सन्देश पठाउँदै चिनियाँ प्रधानमन्त्रीले वर्तमान सरकार पूर्णरुपमा सफल हुने कामना गर्नुभएको छ । प्रधानमन्त्री दाहालसँग शिष्टाचार भेटका लागि पुग्नुभएका यहाँस्थित चिनियाँ दूतावासका कार्यबहाक राजदूत वाङ सिङले चिनियाँ प्रधानमन्त्रीको सन्देश उपलब्ध गराउनुभएको थियो ।

चिनियाँ प्रधानमन्त्रीले सन्देशमा भन्नुभएको छ, "तपाईंको नेतृत्वमा गठन भएको सरकारले नेपालको आर्थिक विकासका सम्बन्धमा गर्ने प्रयासमा चीनले साथ दिनेछ ।'

दुई देशबीच लामो समयदेखि पृथक द्विपक्षीय सम्बन्ध रहेको उल्लेख गर्दै बधाई सन्देशमा त्यसलाई थप प्रगाढ बनाउने विश्वास व्यक्त गर्नुभएको छ । आज मात्रै यहाँस्थित भारतीय राजदूत नवीन श्रीवास्तवले पनि भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको बधाई सन्देश हस्तान्तरण गर्नुभएको थियो । प्रधानमन्त्री दाहाल र अध्यक्ष ओली भेट काठमाण्डु । प्रधानमन्त्री एवं नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' र नेकपा (एमाले) अध्यक्ष केपी शर्मा ओलीबीच भेटवार्ता भएको छ ।

प्रधानमन्त्रीको सरकारी निवास बालुवाटारमा शुक्रवार भएको सो भेटवार्तामा सरकार विस्तार, सरकारको नीति तथा कार्यक्रमलगायत विषयमा छलफल भएको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ । प्रमुख सत्ता साझेदार दलको बिहीबार बसेको



बैठकले सरकारको न्यूनतम कार्यक्रम तय गर्न एमाले अध्यक्ष ओलीको संयोजत्कवमा एक कार्यदल गठन गरेको थियो । कार्यदलले पाँच दिनभित्र सरकारको न्यूनतम नीति तथा कार्यक्रम बनाउने तयारी गरेको छ ।

**प्रधानमन्त्री दाहाललाई भारतीय समकक्षीको बधाईपत्र**

काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'सँग नेपालका लागि भारतका राजदूत नवीन श्रीवास्तवले शिष्टाचार भेट गर्नुभएको छ । प्रधानमन्त्री निवास बालुवाटारमा आज भएको सो भेटमा उहाँहरूबीच नेपाल-भारत बीचको सम्बन्धलाई अझै मजबुद बनाउने बारेमा छलफल भएको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ । सो क्रममा प्रधानमन्त्री दाहालसमक्ष राजदूत श्रीवास्तवले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले पठाउनुभएको बधाईपत्र हस्तान्तरण गर्नुभएको थियो ।

**प्रधानमन्त्री दाहालद्वारा भारतीय प्रम मोदीको आमाको निधनप्रति दुःख व्यक्त**

काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले आफ्ना भारतीय समकक्षी नरेन्द्र मोदीकी ममतामयी माता हिराबेन मोदीको निधनप्रति गहिरो दुःख व्यक्त गर्नुभएको छ ।

प्रधानमन्त्री दाहालले एक शोक सन्देशमार्फत् प्रधानमन्त्री दाहालले यस दुःखको यस घडीमा प्रधानमन्त्री मोदी र उहाँको परिवारप्रति गहिरो समवेदना व्यक्त गर्नुभएको हो । साथै प्रधानमन्त्री दाहालले दिवङ्गत हिराबाको आत्माको चिर शान्तिको कामना गर्नुभएको छ । भारतीय प्रधानमन्त्री मोदीका आमा हिराबेन को आज सय वर्षको उमेरमा निधन भएको हो ।रासस

# विदेशबाट ल्याएको मोबाइलमा कडाइ नगर्न प्रधानमन्त्रीको निर्देशन

काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले विदेशबाट मोबाइल फोन ल्याउँदा नेपालमा दर्ता गर्नुपर्ने प्रावधान तत्काल लागू नगर्न निर्देशन दिनुभएको छ ।

प्रधानमन्त्री दाहालले आज उपप्रधान एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेललाई नेपाली श्रमिकले विदेशबाट फर्कंदा ल्याउन पाउने मोबाइलका सम्बन्धमा गरिएको यसअघिको सरकारको निर्णय कार्यान्वयन नगर्न निर्देशन दिनुभएको हो ।

प्रधानमन्त्रीले नयाँ लागू गर्न खोजिएको प्रावधानमा कडाइ नगर्न र पुरानै चलिरहेको प्रक्रियामा रहनै निर्देशन दिनुभएको प्रधानमन्त्रीका प्रेस संयोजक सूर्यकिरण शर्माले जानकारी दिनुभयो ।

विदेशबाट एकथान मोबाइल ल्याउँदा सरकारले १८ प्रतिशतसम्म कर लिन लागेको भन्दै वैदेशिक रोजगारीमा रहेका नेपालीले विरोध गरिरहेका छन् ।

नेपाल दूरसञ्चार प्राधिकरणले भन्सार छलीको मोबाइल नियन्त्रण गर्न भन्दै आजदेखि मोबाइल डिभाइस म्यानेजमेन्ट सिष्टम (एमडिएमएस) कार्यान्वयन गर्ने समयसीमा तय गरेको थियो ।

सो व्यवस्था लागू भएपछि विदेशबाट फर्किने क्रममा ल्याइएको उपहारका रुपमा एकभन्दा बढी मोबाइल फोन ल्याइएमा १८ प्रतिशतसम्म भन्सार लाग्ने र तेस्रो मोबाइल ल्याएमा



भन्सार विभागले जफत गरिनेछ ।

मोबाइल सेटको गैरकानूनी आयात, बिक्रीवितरण तथा प्रयोग निरुत्साहित गर्न खोज्दा त्यसको विरोध सुरु भएपछि प्रधानमन्त्रीले चासो व्यक्त गर्नुभएको हो ।

मोबाइल सेटको गैरकानूनी आयात, बिक्रीवितरण तथा प्रयोगलाई निरूत्साहित गरी थप व्यवस्थित गर्न, चोरी भएका तथा हराएका मोबाइल सेटको ट्र्याकिङ गर्न नेपाल दूरसञ्चार प्राधिकरणले एमडिएमएस प्रणाली लागू गर्न लागेको हो ।

विदेशबाट आउने नेपालीहरूले निजी प्रयोगका लागि आफ्नो साथमा ल्याएका मोबाइल प्रणालीमा दर्ता नभएका वा नेपालमा गत भदौभन्दा अगाडि प्रयोगमा नरहेका मोबाइल सेटको भन्सार घोषणा गरी भन्सार ऐन, २०६४ अनुसार भन्सार कार्यालयबाट प्रज्ञापनपत्र लिई प्रणालीमा अद्यावधिक गर्न प्राधिकरणले आग्रह गरेको थियो ।

भन्सारमा घोषणा नभएको मोबाइल फोन आजदेखि दर्ता नगरिने र यस्ता मोबाइल सेट सञ्चालनमा समेत रोक लगाइने प्राधिकरणको भनाइ छ । व्यक्तिगत प्रयोजनका लागि ल्याइएका मोबाइल सेट प्रज्ञापनपत्रसहित राहदानी र नागरिकता वा राष्ट्रिय परिचयपत्रका आधारमा मात्र दर्ता गरिने सूचनामा उल्लेख गरिएको थियो ।

नेपालभित्रै मोबाइल खरिद गर्दा उक्त मोबाइल सेट नेपाल दूरसञ्चार दर्ता भए/नभएको यकिन गर्न सकिने हुदाँ सोहीअनुरूप खरिद गर्नका साथै मोबाइल आयातकर्ता तथा बिक्रेताले मोबाइल आयात गर्नुअघि अनिवार्यरुपमा प्राधिकरणको पूर्वस्वीकृति लिनुपर्ने प्रबन्ध गरिएको थियो ।

यसैबीच प्रवासी नेपाली मञ्चले मोबाइल र ल्यापटप ल्याउँदा १८ प्रतिशतसम्म कर लिने निर्णयको विरोध गरेका थियो । प्रवासी नेपालीको विप्रेषणले मुलुकको अर्थतन्त्र धानेको भन्दै उपहारको फोन र ल्यापटपमा भन्सार अनिवार्य नगर्न सरकार समक्ष आग्रह गरेको थियो ।रासस

# पर्यटनमा क्षेत्रमा उत्साह

काठमाण्डु । नयाँ वर्ष (सन् २०२३) को आगमनसँगै मुलुकको पर्यटन क्षेत्रमा नयाँ उत्साह थपिएको छ । कोभिड-१९ महामारीले थलिएको पर्यटन क्षेत्र बिस्तारै लयको बाटोमा रहेको छ । पर्यटन पुनरुत्थानको दिशामा रहेको पर्यटन क्षेत्रमा नयाँ वर्षले उत्साह छाएको छ । त्यसो त, नयाँ वर्ष पर्यटन क्षेत्रका लागि उत्सवकै रुपमा लिइन्छ । यो अवसरमा आन्तरिक तथा विदेशी पर्यटकको चहलपहल बढ्ने भएकाले व्यवसायीमा पनि सकारात्मक आशा जगाउने गरेको छ ।

होटल सङ्घ नेपाल (हान) का प्रथम उपाध्यक्ष विनायक शाहले नयाँ वर्षको पूर्व सन्ध्यामा पर्यटन क्षेत्रमा चहलपहल र गतिविधि बढेको बताउनुभयो । "नयाँ वर्षको पूर्वसन्ध्यामा पर्यटनमा चहलपहल बढेको छ । आन्तरिक पर्यटकको चाप छ । ठमेल, पोखरा, सौराहा, लुम्बिनी, भैँडेटारलगायत क्षेत्रमा 'न्यू इअर इभ' कार्यक्रम आयोजना गरिएको छ, यसले पर्यटनलाई थप चलायमान बनाएको छ ।'

होटलको बुकिङ पनि उत्साहवर्द्धक रहेको उपाध्यक्ष शाहको भनाइ छ । सन् २०२२ मा २५ लाख पर्यटक धान्ने होटलको क्षमता रहेको छ । चिनियाँ पर्यटक आउने वातावरण बनेको खण्डमा विदेशी पर्यटक बढ्ने उहाँको विश्वास छ । सरकारी तथ्याङ्कमा मुलुकभर एक हजार एक सय होटल छन् । हानको विवरणमा सबैखाले होटल गरी चार हजार छन् ।

ट्रेकिङ एजेन्सिज एसोसिएसन अफ नेपाल (टान)का अध्यक्ष नीलहरि बास्तोला पनि नयाँ वर्ष पर्यटनमा आशा जगाउने वर्ष हुने भएकाले महामारीपछिको पर्यटनलाई पुनरुत्थानको गतिमा हौसला प्रदान गर्न



मद्दत पुग्ने विश्वास व्यक्त गर्नुहुन्छ । "नयाँ वर्षको बहारसँगै पर्यटन क्षेत्रमा यसले सकारात्मक उत्साह जगाएको छ', उहाँले भन्नुभयो, "आन्तरिक मात्र हैन विदेशी पर्यटक पनि उल्लेख्य सङ्ख्यामा आउने भएकाले पर्यटन व्यवसायीमा पनि हौसला बढेको छ । सन् २०२३ नेपालसहित विश्व्यापी रुपमै घुमफिर वर्ष नै हुन्छ होला ।' पछिल्लो समय विदेशी पर्यटक आगमन दरलाई हेर्दा विदेशी पर्यटक निकै बढ्ने अनुमान गरिएको अध्यक्ष बास्तोलाले बताउनुभयो ।

नेपाल पर्यटन बोर्डको तथ्याङ्कअनुसार सन् २०२२ को ११ महिनामा पाँच लाख ४६ हजार तीन सय ४२ विदेशी पर्यटक नेपाल भित्रिएका छन् । कोभिड-१९ महामारीका कारण घटेको विदेशी पर्यटकको सङ्ख्या सन् २०२२ मा भने बढ्दो क्रममा रहेको तथ्याङकले देखाउँछ । महामारीपूर्व सन् २०१९ मा ११ लाख ९७ हजार ९१ जना पर्यटक नेपाल आएका थिए । तर सन् २०२० मा कोरोना महामारीले विदेशी पर्यटकको सङ्ख्या ८१ प्रतिशतले कमी आई दुई लाख ३० हजारमा खुम्चिएको थियो । त्यसैगरी २०२१ मा एक लाख ५० हजार नौ सय पर्यटक नेपाल आएका थिए । जुन सन् २०२० को तुलनामा ३४ दशमलव चार प्रतिशतले कमी हो ।

पर्यटन बोर्डका निर्देशक मणिराज लामिछानेले मुलुकको पर्यटन बिस्तारै लयमा फर्किरहेको उल्लेख गर्दै पर्यटक आगमनको आँकडाले पर्यटन पुनरुत्थानको दिशातर्फ उन्मुख रहेको बताउनुभयो । उहाँले सन् २०१९ मा आएका कूल पर्यटकको सङ्ख्यामा ६५ देखि ७५ प्रतिशतसम्म 'रिकभर' हुने अपेक्षा गरिएको बताउनुभयो ।

महामारीका कारण सन् २०२१ मा १४ प्रतिशत र सन् २०२० मा १८ प्रतिशत मात्रै पुनरुत्थान भएको पर्यटन क्षेत्र आगामी दिनमा सकारात्मक हुने अपेक्षा गरिएको उहाँले उल्लेख गर्नुभयो । " हामी (पर्यटन क्षेत्र) लयमा फर्किरहेका छौं । यो वर्ष ७० प्रतिशत पुनरुत्थान हुने अपेक्षा गरिएको छ । नयाँ वर्षलगायत ठूलाठूला 'इभेन्ट' ले पर्यटन बढोत्तरीमा टेवा पुग्छ । सबै हिसाबले पर्यटन क्षेत्र सकारात्मक दिशातर्फ उन्मुख छ', निर्देशक लामिछानेले भन्नुभयो । पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल पनि नयाँ वर्षसँगै सञ्चालनमा आउन लागेकाले मुलुकमा तीनवटा अन्तर र्राष्ट्रियस्तरका विमानस्थल भएपछि विदेशी पर्यटक बढ्नेनै छ भन्नभुयो ।

स्वदेशी तथा विदेशी पर्यटकले भरिभराउ ठमेलमा नयाँ वर्षमा आयोजना हुने महोत्सवले छुट्टै रौनकता ल्याएको छ । पर्यटकीय नगरी पोखरा, चितवनको सौराहा, लुम्बिनीलगायत गन्तव्य पाहुनाले भरिभराउ छन् ।

पर्यटकीय नगरी चितवनको सौराहामा पनि आन्तरिक तथा बाह्य पर्यटकको चहलपहल बढेको छ । क्षेत्रीय होटल सङ्घ चितवनका अध्यक्ष दीपक भट्टराईका अनुसार अघिल्लो वर्षजस्तो यो वर्ष बुकिङ राम्रो छैन । उहाँले भन्नुभयो," दसैं, तिहार, क्रिसमसलगायत पर्वलाई हेर्दा अघिल्लो वर्षजस्तो उत्साहजनक आगमन छैन तर पनि आशावादी छौं राम्रै हुन्छ होला ।'

अध्यक्ष भट्टराईले कोभिड महामारीपूर्व विदेशी पर्यटकले भरिएर होटलमा कोठासमेत नपाउने अवस्था हुन्थ्यो तर अघिल्लो वर्ष करिब ८० प्रतिशत होटल बुकिङ रहेकामा यो पटक भने बुकिङ राम्रो नभएको बताउनुभयो । कोभिडपूर्व सौराहामा स्वदेशी र बाह्य गरी वार्षिक अढाई लाख पर्यटक पुग्ने गरेका थिए । यो वर्ष करिब ६५ हजार पुग्ने अनुमान गरिएको छ । सौराहामा एक सय २० होटल छन् । दैनिक १० हजार यात्रुलाई धान्ने क्षमता रहेको छ ।

**ठमेलमा सडक महोत्सव**

नयाँ वर्ष २०२३ को अवसर पारेर राजधानीको प्रमुख पर्यटकीय नगरी ठमेलमा सडक महोत्सव हुने भएको छ । ठमेल पर्यटन विकास परिषद्को आयोजनामा भोलि पुस १६ गते साँझ ठमेलमा सडक महोत्सव हुन लागेको हो । परिषद्का अध्यक्ष भविश्वर शर्माले कोरोनाले थलिएको ठमेलको पर्यटन पुनरुत्थानका लागि नयाँ वर्षको अवसर पारेर सञ्चयकोष अगाडिको मुख्य सडकमा ठमेल सडक महोत्सव आयोजना गर्न लागेको जानकारी दिनुभयो ।

ठमेलमा जाऔं, ठमेलमै बसौं, ठमेलमै घुमौं, ठमेलमै रमाऔं' भन्ने मूल नारासाथ सडक महोत्सव तथा बृहत् सांस्कृतिक कार्यक्रम आयोजना गर्न लागेका छौं', उहाँले भन्नुभयो । ठमेलमा आयोजना हुन लागेको सडक महोत्सवमा एक लाख व्यक्तिको सहभागिता रहने परिषद्ले जनाएको छ ।

**पोखरा सडक महोत्सव**

यही अवसरमा पर्यटकीय नगरी पोखरामा सडक महोत्सव चलिरहेको छ । 'सडकमै खाऔं, सडकमै नाचौं, सडकमै रमाऔं' भन्ने नाराका साथ यही पुस १३ देखि १७ गतेसम्म महोत्सव आयोजना हुनेछ । रेस्टुराँ एन्ड बार एसोसिएसन (रेवान) पोखराले पाँचदिने महोत्सवमा आयोजना गरेको हो । रेवान पोखराका अध्यक्ष अध्यक्ष नरेश भट्टराईले आन्तरिक तथा बाह्य पर्यटक प्रवर्द्धनका लागि पोखराको लेकसाइडस्थित तीन किलोमिटर क्षेत्रमा महोत्सव आयोजना गरिएको जानकारी दिनुभयो ।रासस

# रणनीति मिलाउन नसक्दा सरकार गुमाउनुपऱ्यो : नेता कोइराला

चितवन । नेपाली कांग्रेसका नेता डा शशाङ्क कोइरालाले



रणनीति मिलाउन नसक्दा सरकार गुमाउनुपरेको बताउनुभएको छ । आज यहाँ पत्रकारसँग कुराकानी गर्दै उहाँले भन्नुभयो, "पार्टीले रणनीति नमिलाएर यो दुर्घटना भयो ।' पहिले नै रणनीति मिलाएको भए गठबन्धन कायम रहने उहाँको भनाइ थियो ।

गठबन्धनबाट देउवालाई प्रधानमन्त्री बनाउने महत्वपूर्ण भूमिका दाहालले खेलेको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "ठूलो पार्टीको नाताले पहिलो पटक नै प्रधानमन्त्री बन्छु कि भन्ने सोचका कारण समस्या आयो ।' कांग्रेस प्रतिपक्षमा बस्दा विरोधका लागि विरोध मात्रै नगर्ने उल्लेख गर्दै उहाँले जिम्मेवारपूर्वक हिसाबले प्रतिपक्षको भूमिका निर्वाह गर्ने उहाँले बताउनुभयो ।रासस

# प्रधानमन्त्रीलाई श्रीलङ्काका राष्ट्रपतिको बधाई

काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' र श्रीलकाका राष्ट्रपति रणिल विक्रमासिङ्गेबीच आज टेलिफोन वार्ता भएको छ ।

प्रधानमन्त्रीको सचिवालयका अनुसार श्रीलङ्काका राष्ट्रपति रणिल विक्रमासिङ्गेले प्रधानमन्त्रीमा निर्वाचित हुनुभएकामा दाहाललाई बधाई दिनुभयो । उहाँहरूबीच दुई देशबीच लामो समयदेखि रहँदै आएको मैत्री सम्बन्धलाई थप सुदृढ गर्ने विषयमा महत्वपूर्ण छलफल भएको थियो ।

टेलिफोन वार्तामा राष्ट्रपति विक्रमासिङ्गेले प्रधानमन्त्री दाहालको कार्यकालमा दुई देशबीचको सम्बन्ध थप विस्तार हुने विश्वास व्यक्त गर्नुभएको थियो । प्रधानमन्त्री दाहाललाई विभिन्न देशका सरकार प्रमुख एवं राष्ट्रप्रमुखले वधाई तथा शुभकामना दिँदै सफल कार्यकालको कामना गरिरहनुभएको छ ।

# प्रदेश नं १ कांग्रेस संसदीय दलको नेतामा थापा निर्वाचित

विराटनगर । प्रदेश नं १ को नेपाली कांग्रेस संसदीय दलको नेतामा उद्धव थापा निर्वाचित हुनुभएको छ । उहाँ कुल १८ मत प्राप्त गरी विजयी हुनुभएको हो । थापाका निकटतम् प्रतिद्वन्द्वी प्रदेशसभा सदस्य केदार कार्कीले नौ तथा अमृत अर्यालले दुई मत प्राप्त गर्नुभएको छ ।

निर्वाचन प्रक्रिया अनुरुप आज बिहान नौ बजेदेखि १० बजेसम्म मतदान भएको थियो । प्रदेश १ मा कांग्रेसको कुल २९ सदस्य रहेका छन् । नेता थापा नेपाली कांग्रेस प्रदेश नं १ का सभापतिसमेत हुनुहुन्छ । निर्वाचन नेपाली कांग्रेस प्रदेश नं १ का उपसभापति रमेशजङ्ग रायमाझीको संयोजकत्वमा भएको थियो ।

निर्वाचनपछि दलका नेता थापाले प्रदेश नं १ का नामकरण गर्ने पहिलो प्राथमिकता रहेको भन्दै कांग्रेसले प्रदेशमा प्रतिपक्षको भूमिकाबाट रचनात्मक भूमिका निर्वाह गर्ने धारणा राख्नुभयो । उहाँले सत्तापक्षको असल कामको समर्थन एवं प्रशंसा गर्ने र गलत कामको विरोध गर्ने धारणा राख्दै कांग्रेस प्रजातान्त्रिक पार्टी भएकाले प्रजातान्त्रिक मूल्य र मान्यताको आधारमा चल्ने विचार व्यक्त गर्नुभयो ।रासस

# म्यानमारकी नेतृ सुकीलाई थप सात बर्ष जेल सजाय

**एएफपी**

याङ्गुन । म्यान्मारको सैनिक सरकारप्रति बफादार अदालतले अपदस्थ नेतृ आङ सान सुकीलाई थप सात बर्षको जेल सजाय सुनाइएको छ। यससँगै गैरकानुनी रूपमा वाकी-टकी आयात गरेको, कोभिड-१९ को नियम उल्लङ्घन गरेको र आधिकारिक गोपनीयता ऐनको उल्लङ्घन गरेको अभियोगमा दोषी ठहर गरिएकी उहाँलाई सबै गरी ३३ वर्षको जेल सजाय तोकिएको छ।

सन् २०२१ को फेब्रुअरीमा भएको 'कू' पछि ७७ वर्षीय नोबेल पुरस्कार विजेता सुकीलाई हिरासतमा राख्दै आएको छ। यसले म्यानमारको छोटो लोकतान्त्रिक प्रयोगको अन्त्य गरेको भन्दै म्यानमारमा अहिले पनि व्यापक विरोध प्रदर्शन भइरहेको छ।

केही महिनाअघि उहाँको नेसनल लिग फर डेमोक्रेसी (एनएलडी) पार्टीले राष्ट्रव्यापी निर्वाचन जितेको थियो र उहाँ देशको वास्तविक नेताको रूपमा अर्को पाँच वर्षको कार्यकालको लागि तयारी गरिरहनुभएको छ।

स्वाधीनताका नायककी छोरीसमेत रहेकी सुकीले पूर्व सैनिक शासनकालमा करिब दुई दशक नजरबन्दमा बिताउनुभएको थियो।

गत शुक्रबार सैनिक सरकारको पूर्ण नियनत्रण रहेको एक अदालतले सुकीलाई भ्रष्टाचारको अभियोगमा सात वर्षको जेल सजाय सुनाएको थियो, जुन गैरकानुनी रूपमा वाकी-टकी आयात गरेको, कोभिड-१९ को नियम उल्लङ्घन गरेको र आधिकारिक गोपनीयता ऐनको उल्लङ्घन गरेको अभियोगमा दोषी ठहर गरिएको थियो। म्यान्मारमा सुकी निकै लोकप्रिय भए पनि रोहिंग्या सङ्कटसँग जुध्न उहाँको सरकारले गरेको व्यवहारले विदेशमा उहाँको विरासतमा गहिरो दाग लागेको थियो।



सन् २०१७ मा सेनाले गरेको दमनका कारण करिब सात लाख ५० हजार रोहिंग्या अल्पसङ्ख्यक समुदायका सदस्यहरू आफ्नो जलिरहेको गाउँबाट भागेर छिमेकी देश बङ्गलादेशमा जान बाध्य भएका थिए।

म्यानमारमा प्रजातन्त्रका लागि लडिरहेका धेरैका लागि अब क्रान्ति राजनीति र अर्थतन्त्रमा सेनाको प्रभुत्वलाई स्थायी रूपमा जरैदेखि उखेलेर फाल्न सुकीले दशकौंअघि गरेको आन्दोलनभन्दा बाहिर जानुपर्छ।

सुकीको जन्म सन् १९४५ जुन १९ मा दोस्रो विश्वयुद्धको अन्तिम हप्तामा जापानको कब्जामा रहेको याङ्गुनमा भएको थियो।

उहाँका पिता आङ सानले सन् १९४८ मा आफ्नो देशलाई स्वतन्त्रताप्राप्त गर्ने सबैभन्दा राम्रो अवसर प्रदान गर्न बेलायती र जापानी उपनिवेशवादी दुवैको पक्ष र विपक्षमा लडेका थिए।

सुकीले आफ्नो प्रारम्भिक जीवनको अधिकांश समय म्यान्मार बाहिर बिताउनुभएको थियो। सुरूमा आमा भारतको राजदूत रहँदा भारत र पछि उहाँले अक्सफोर्ड विश्वविद्यालयमा अध्ययनका शिलशिलामा विताउनुभएको थियो। बेलायतमा रहँदा उहाँको आफ्ना बेलायती पतिलाई भेट्नुभएको थियो।

सन् १९६२ मा जनरल ने विनले पूर्ण सत्ता कब्जा गरेपछि उहाँले आफ्नो समाजवादी अभ्यासलाई म्यानमारमा लागु गर्नुभएको थियो तर कुनै समय एसियाको चामलको भकारीको उपाधिले चिनिने विश्वको सबैभन्दा गरिब र सबैभन्दा पृथक देशमा परिणत बनेको छ।

सन् १९८८ मा आफ्नी मृत आमालाई स्याहारसुसार गर्न स्वदेश फर्केपछि सुकी प्रजातन्त्रको जननीका रूपमा सम्मानित हुन पुग्नुभएको थियो। उहाँको नेतृत्वमा सन् १९९० को दशकमा केही समयपछि सेनाको अधिनायकवादी शासनको विरोधमा भएको प्रदर्शनलाई दमन गर्दा कम्तीमा तीन हजार व्यक्तिको मृत्यु भएको थियो। यो रक्तपात सुकीका लागि जनताका लागि सङ्घर्ष गर्ने उत्प्रेरणा बनेको थियो।

सन् १९९० को निर्वाचनमा एनएलडीलाई भारी मतले जिताउनुअघि एक चमत्कारिक वक्ता रहनुभएकी ४३ वर्षीया उहाँले प्रजातान्त्रिक आन्दोलनको नेतृत्व गरिरहनुभएको थियो।

सेनापतिहरू सत्ता छोड्न तयार थिएनन्। मतदानको परिणामलाई बेवास्ता गर्दै उनीहरूले सुकीलाई उहाँको याङ्गुनस्थित घरमा सीमित गरे, जहाँ उहाँ अर्को २० वर्षमध्ये करिब १५ वर्ष बिताउनुभएको थियो।

सन् १९९१ मा हिरासतमा रहँदा उहाँलाई नोबेल शान्ति पुरस्कार प्रदान गरिएको थियो।

जुन्ता प्रशासनले स्थायी रूपमा देश छोडेमा कुनै पनि बेला उहाँको कैद अन्त्य गर्ने प्रस्ताव गरेको थियो, तर सुकीले त्यसलाई अस्वीकार गर्दै आफुलाई देशप्रति नै समर्पित गर्ने प्रण गर्नुभएको थियो।

त्यो निर्णयको अर्थ सन् १९९१ मा क्यान्सरका कारण आफ्नो पतिको मृत्यु हुनुभन्दा अघि उहाँलाई भेट्नसमेत पाउनुभएको थिएन। उहाँले नजरबन्दमा नै रहेका समय हुर्केका आफ्ना दुई छोराहरूसमेत गुमाउनु परेको थियो।

अन्ततः सेनाले सन् २०१० मा उहाँको पार्टीले बहिष्कार गरेको चुनावको केही दिनपछि उहाँलाई स्वतन्त्रता प्रदान गऱ्यो। यसबाट एउटा गैरसैनिक नागरिकको नेतृत्वमा सरकार गठन भयो।

त्यसको पाँच वर्षपछि भएको अर्को निर्वाचनमा उहाँको दल एनएलडीले विजय हासिल गऱ्यो। यसले म्यानमारमा बहुसङ्ख्यक जनतालाई खुशी तुल्याएको थियो। सन् २०२० को मतदानले उहाँको पार्टीको बहुमत बढायो, तर सेनाले निर्वाचनलाई प्रभावित पार्न एनएलडीले धाँधली गरेको दाबी गर्दै उहाँलाई हिरासतमा राखिएको थियो।

सुकीको कार्यकालमा उहाँको प्रशासन समस्याले घेरिएको थियो र सेनासँग असहज सम्बन्ध थियो, जसले शक्तिशाली राजनीतिक भूमिका कायम राखेको थियो। तर सन् २०१७ मा रोहिंग्या समुदायमाथि भएको दमनपछि सरकार र सेना 'लकस्टेप'मा देखिएका थिए। उहाँको कार्यालयले भागेर आएका शरणार्थीलाई म्यानमारका सेनाले बलात्कार, गैरन्यायिक हत्या र आगजनीको शिकार बनाएको भन्ने दाबीको खण्डन गरेको छ।

उहाँले व्यक्तिगत रूपमा सेनाको आचरणको बचाउ गर्नुभयो र सन् २०१९ मा संयुक्त राष्ट्रसङ्घको सर्वोच्च अदालतमा नरसंहारको आरोपको खण्डन गर्न हेग पनि जानुभएको थियो।

त्यसको ठीक एक वर्षपछि उहाँ फेरि सेनाको कैदी हुनुभएको छ। अहिले उहाँले आफ्नो बाँकी जीवन हिरासतमा बिताउने सम्भावनाको सामना गरिरहनुभएको छ।

# फुटबल सम्राट पेलेको निधन

**एएफपी**

साओ पाउलो। तीन पटकको विश्वकप विजेता ब्राजिलका फुटबल खेलाडी पेलेको बिहीबार राति ८२ वर्षको उमेरमा निधन भएको छ।

साओ पाउलोस्थित अल्बर्ट आइन्स्टाइन अस्पतालले एक विज्ञप्ति जारी गर्दै क्यान्सरसँग लामो संघर्षपछि उहाँको मृत्यु 'मल्टिपल अर्गन फेलियर' का कारण भएको जनाएको छ।

हामी तिमीलाई असीम प्रेम गरिरहनेछौँ, पेलेकी छोरी केली नासिमेन्टोले इन्स्टाग्राममा लेख्नुभएको छ।

उहाँको पूर्व टोलीका साथीहरूदेखि वर्तमान् फुटबल स्टारहरूसम्मले उहाँको निधनप्रति दुःख व्यक्त गर्दै उहाँप्रति श्रद्धासुमन व्यक्त गरेका छन्।

पेलेले लामो व्यावसायिक जीवनको दौडान फुटबल खेललाई नै रूपान्तरण गर्नुभएको थियो। ब्राजिलका स्टार नेयमारले पेलेप्रति सम्मान व्यक्त गर्दै 'फुटबललाई कलामा परिणत गरेको' बताउनुभएको छ। फ्रान्सका केलियन एमबाप्पेले उहाँको विरासतलाई 'कहिल्यै नबिर्सने' बताउनुभएको छ। पोर्चुगलका क्रिस्टियानो रोनाल्डोले उहाँलाई 'लाखौंका लागि प्रेरणा' भन्नुभएको छ।

अर्जेन्टिनाका विश्वकप विजेता कप्तान लियोनल मेस्सीले सामाजिक सञ्जालमा उहाँको आत्मको शान्तिका लागि प्रार्थना गर्नुभएको छ।

ब्राजिलका राष्ट्रपति जायर बोल्सोनारोले महान् फुटबलरको निधनपछि तीन दिनको राष्ट्रिय शोकको घोषणा गर्नुभएको छ भने नवनिर्वाचित राष्ट्रपति लुइज इनासियो लुला डा सिल्भाले ट्वीट गर्दै पेलेले राष्ट्रधका लागि सन् १९५८, १९६२ र १९७० मा तीन पटक विश्वकप जिताएको स्मरण गर्दै उहाँप्रति श्रद्धा व्यक्त गर्नुभएको छ।

मृगौलाको समस्या र कोलोन क्यान्सरसँग जुधिरहेका उहाँको स्वास्थ्य अवस्था नाजुक बन्दै गएपछि सन् २०२१ को सेप्टेम्बरमा उहाँको शल्यक्रिया गरिएको थियो भने त्यसपछि केमोथेरापी गरिँदै आएको थियो। पेलेको पूर्व क्लबकाअनुसार सोमबार क्रिश्चियन परम्परा अनुसार 'वेक हुनेछ र त्यसपछि मङ्गलबार दक्षिणपूर्वी शहर सान्तोसमा अन्त्येष्टि हुनेछ। पेलेले आफ्नो क्यारियरको अधिकांश समय सान्तोसमा खेलेर बिताउनुभएको थियो।

महान् फुटबलर पेलेका समर्थकहरूले फूलहरू चढाउन सान्तोसस्थित रङ्गशालामा भेला भएका छन् भने शहरमा सात दिनको शोकको घोषणा गरिएको छ। उहाँ तीन पटक विश्वकप फुटबल उपाधि जित्न सफल एक मात्र खेलाडी हुनसहुन्थ्यो।

गत नोभेम्बर महिनामा अस्पतालबाट बोल्दै उहाँले आफ्ना प्रशंसक र दीर्घायुका लागि ईश्वरलाई धन्यवाद दिनुभएको थियो।

उनको जन्म सन् १९४० मा दक्षिणपूर्वी ब्रजिलमा एउटा गरिब परिवारमा भएको थियो। तर उहाँले आफ्नो प्रतिभा र अद्भूत क्षमताका कारण फुटबल जगत्मा अमर रहनुहुनेछ।

# होटलमा आगलागी हुँदा १९ को मृत्यु

**सिन्ह्वा**

नोम्पेन्ह । उत्तरी कम्बोडियाको ब्यान्टी मेनाची प्रान्तमा रहेको एक होटलमा आगलागी भएको छ। सो आगलागीमा परेर कम्तीमा पनि १९ जनाको ज्यान गएको छ। बिहीबार यहाँका सुरक्षा अधिकारीले सो कुराको जानकारी दिएका हुन्। ती अधिकारीले प्रारम्भिक प्रतिवेदनअनुसार १९ जनाको ज्यान गएको र अरु केही घाइते भएका बताएका छन्।

प्रहरीले त्यहाँ जलेर ज्यान जानेमा होटलका कर्मचारी र केही पाहुना रहेका जनाएको छ। सो प्रतिवेदनमा २३ जना जलेर गम्भीर रुपमा घाइते भएका र अरु ५० जना सामान्य घाइते रहेका छन्।होटलको भवनमा आगो लागेपछि निभाउने प्रयास भएको तर आगोको लप्काले मानिसहरुलाई लागेपछि उनीहरुको जलेर मृत्यु भएको बताइएको छ।

सो प्रान्तका प्रान्तीय प्रहरी प्रमुखले आगो लागेको होटलमा हराइरहेका केही व्यक्तिको खोजीमा प्रहरी लागेको तर उनीहरु कुनै कोठामा निसास्सिएर रहेको हुनसक्ने बताएको छ।

# 'दुई दशकमा करिब १७ सय पत्रकारको हत्या'



**सिन्ह्वा**

पेरिस । विगत २० वर्षमा विश्वभर करिब एक हजार ७०० पत्रकारमारिएका 'रिपोर्टर्स विदाउट बोर्डर्स (आरएसएफ)' ले प्रकाशित गरेको एक अध्ययन रिपोर्टले देखाएको छ।

सन् २००३ देखि २०२२ सम्मका दुई दशक 'विशेषगरी सूचनाको अधिकारको सेवामा लागेकाहरूका लागि घातक दशक' भएको पेरिसस्थित मिडिया अधिकारकर्मीहरूले बताएका छन्।

आरएसएफका महासचिव क्रिस्टोफ डेलोयरले भन्नुभयो, "तथ्याङ्कका पछाडि आफ्नो जीवनको मूल्य चुकाएका, सूचना सङ्कलन, सत्यको खोजी र पत्रकारिताप्रतिको उनीहरूको ती व्यक्तिहरूको अनुहार रहेको छ।'

आरएसएफका आुसार इराक र सिरिया पत्रकारका रुपमा काम गर्नका लागि सबैभन्दा खतरनाक देश भएको र पछिल्लो २० वर्षमा कुल ५७८ जना पत्रकार मारिएका छन्। यो विश्वभर विगत दुई दशकमा मारिएका कूल पत्रकारको एक तिहाइभन्दा बढी हो।

त्यसपछि मेक्सिकोमा १२५, फिलिपिन्समा १०७, पाकिस्तानमा ९३, अफगानिस्तानमा ८१ र सोमालियामा ७८ पत्रकारको मृत्यु भएको छ।

सिरियामा भएको युद्धका कारण यो दुई दशकभित्र पनि सन् २०१२ र २०१३ मा सबैभन्दा धेरै पत्रकार मारिएका थिए। त्यसैले यो बर्षलाई 'सबैभन्दा अँध्यारो वर्ष' का रूपमा हेर्ने गरिएको छ। सन् २०१२ मा १४४ र त्यसको एक वर्षपछि १४२ जनाको हत्या भएको प्रतिवेदनमा उल्लेख छ।

यो रेकर्डको 'क्रमिक गिरावट पछि र सन् २०१९पछि पत्रकारको हत्यामा उच्च कमी देखिएको थियो।

तर सन् २०२२ मा युक्रेनमा भएको युद्धका कारण मृत्यु हुनेको सङ्ख्या फेरि बढेको छ। सन् २०२१ मा ५१ जना पत्रकारको हत्या भएकोमा यस वर्ष अहिलेसम्म ५८ जना पत्रकारको हत्या भएको छ।

गत फेब्रुअरीमा रूसले युक्रेनमा आक्रमण गरेयता आठ जना पत्रकारको हत्या भइसकेको छ। अघिल्लो १९ वर्षमा भएको कूल १२ पत्रकारको हत्यासँग तुलना गर्दा यो अत्यधिक सङ्ख्या र जोखिमयुक्त बर्ष हो।

विगत २० वर्षमा २५ जना पत्रकारको हत्या भइसकेको रुसपछि युक्रेन अहिले सञ्चारमाध्यमका लागि युरोपको सबैभन्दा जोखिमयुक्त मुलुक हो।

'राष्ट्रपति भ्लादिमिर पुटिनले सत्ता सम्हालेदेखि रूसमा प्रेस स्वतन्त्रतामाथि व्यवस्थित र घातक आक्रमणहरू भएका आरएसएफको हरेक बर्षको रिपोर्टमा उल्लेख हुँदै आएको छ।

'यसमा अन्ना पोलिट्कोभस्कायाको ७ अक्टोबर २००६ मा भएको हत्या पनि समावेश रहेको छ, अधिकारवादी समूहले भनेको छ।

सन् २०१५ मा पेरिसबाट प्रकाशित हुने व्यङ्ग्यात्मक साप्ताहिक पत्रिका चार्ली हेब्दोमा भएको नरसंहारका कारण टर्की तेस्रो सबैभन्दा खतरनाक स्थानमा परेको थियो भने फ्रान्स दोस्रो स्थानमा रहेको थियो।

पत्रकारहरूले सशस्त्र द्वन्द्व भएका क्षेत्रहरूमा विश्वव्यापी रूपमा सबैभन्दा बढी जोखिम उठाएका छन्।

आरएसएफको रिपोर्टमा भनिएको छ, "आधिकारिक रूपमा कुनै युद्ध नभएका देशहरू पत्रकारहरूका लागि सुरक्षित छैनन् र तीमध्ये केही हत्या भएका देशहरूको सूचीको शीर्षस्थानमा छन्।

"वास्तवमा, विगत दुई दशकमा 'युद्धग्रस्त क्षेत्र' मा भन्दा शान्ति क्षेत्र भनिएका स्थानमा धेरै पत्रकारहरू मारिएका छन्। अधिकांश घटनाहरूमा उनीहरू सङ्गठित अपराध र भ्रष्टाचारको अनुसन्धान गरिरहेका समय मारिएका देखिन्छ।

अमेरिकी राज्यहरूमा मेक्सिको, ब्राजिल, कोलम्बिया र होन्डुरसमा भएका पत्रकारको हत्यामध्ये आधाजसो अमेरिकामा भएको छ। आरएसएफले भनेको छ, "अमेरिका सञ्चारमाध्यमका लागि विश्वको सबैभन्दा जोखिमयुक्त महादेश बनेको छ।'

# भिन्नभिन्न विधिका कारण कोभिडजन्य मृत्युको संख्या अस्पष्ट

**एएफपी**

पेरिस। कोभिड-१९ को पहिलो सङ्क्रमित बिरामी फेला परेको तीन वर्षपछि पनि विश्वव्यापी रूपमा मृत्यु हुनेको वास्तविक संख्या मापन गर्न कठिन छ। यद्यपि, विज्ञहरू आधिकारिक रूपमा रिपोर्ट गरिएकोभन्दा धेरै मृत्यु भएको कुरामा सहमत छन्। आधिकारिक र वास्तविक आँकडाबीचको भिन्नता अर्को वर्ष अझ फरक हुन सक्छ। नमूना प्रक्षेपणले शून्य-कोभिडपछिको चीनमा १० लाखभन्दा बढीको मृत्युको भविष्यवाणी गरेको छ। चीनले हालै यसले मृत्युको गणना गर्ने प्रक्रियालाई अझ सङ्कुचित गरेको छ।

विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ)का अनुसार सन् २०१९ को डिसेम्बरमा चीनमा पहिलो पटक यो भाइरसको पहिचान भएयता अहिलेसम्म ६६ लाख ५० हजारभन्दा बढीको मृत्यु भइसकेको छ। यद्यपि, देशहरूले कोभिडबाट हुने मृत्युलाई फरक-फरक तरिकाले गणना गर्छन् र महामारीको दौडान विधिहरू परिवर्तन भएका छन्।

'युनिभर्सिटी अफ जेनेभा'को 'इन्स्टिच्युट अफ ग्लोबल हेल्थ'का निर्देशक एन्टोनी फ्लाहाल्टले कोभिडका कारण मृत्यु भएको पुष्टि गर्नु निकै कठिन अभ्यास हुन सक्ने बताउनुभयो। फ्लाहाल्टले एएफपीसँग भन्नुभयो, "विकसित देशको अस्पतालमा पहिले नै कोभिडको निदान भइसकेको बिरामीको मृत्यु सरल हुन सक्छ तर अक्सर यस्तो हुँदैन र डाक्टरहरूलाई उनीहरूलाई मार्गदर्शन गर्न 'सामान्यतया धेरै जानकारी हुँदैन'।'

यसको सट्टा अनुसन्धानकर्ताहरूले सन् २०२० यता सबै कारणले मृत्यु हुनेको कूल सङ्ख्यालाई महामारी नभएको भए के अपेक्षा गरिएको थियो भन्ने कुरासँग तुलना गर्न खोजेका छन्।



यी आँकडाको प्रयोग गर्दै डब्लुएचओका अनुसन्धाताहरूले यसै महिनाको सुरुमा नेचर जर्नलमा सन् २०२० र २०२१ मा कोभिडबाट एक करोड ४८ लाख ३० हजार बढी मानिसको मृत्यु भएको उल्लेख गरेका थिए। यो दुई वर्षको अवधिमा आधिकारिक रूपमा ५४ लाख कोभिडका कारण मृत्यु भएके भन्दा करिब तीन गुणा बढी हो। अमेरिकास्थित इन्स्टिच्युट फर हेल्थ मेट्रिक्स एन्ड इभ्यालुएसनले गत मार्चमा गरेको अनुसन्धानमा यो सङ्ख्या एक करोड ८२ लाखभन्दा बढी भएको अनुमान गरिएको थियो। तर फ्लाहाल्टले भन्नुभयो, "आँकडाहरू पनि सम्भवतः अझै पनि कम आँक्न सकिन्छ।'

यो वर्ष मृत्यु हुनेको सङ्ख्या बिस्तारै बढेको छ। 'द इकोनोमिस्ट'को नियमित अद्यावधिक तथ्याङ्कअनुसार महामारी सुरु भएयता दुई करोड १० लाख बढी मानिसको मृत्यु भएको छ, जुन आधिकारिक सङ्ख्याभन्दा ३.१ गुणाले बढी हो।

**तथ्याङ्कको कमी**

डब्लुएचओको तथ्याङ्कअनुसार सन् २०२०-२०२१ मा भारतमा कोभिडका कारण सबैभन्दा बढी ४७ लाख ४० हजार मानिसको मृत्यु भएको छ।

रूसमा १० लाखभन्दा केही बढीका साथ दोस्रो स्थानमा रह्यो। यद्यपि मृत्युको अनुमानित सङ्ख्या र वास्तविक सङ्ख्याबीचको सबैभन्दा ठूलो असमानता दक्षिण अमेरिकामा थियो। उदाहरणका लागि, पेरुमा सन् २०२०-२०२१ मा सामान्य समयमा भन्दा दुई गुणा बढी मानिसको मृत्यु भएको थियो। तर अष्ट्रियाको मेडिकल युनिभर्सिटी अफ इन्सब्रुकका हान्नो उल्मरले भन्नुभयो, "पेरुमा महामारीका वर्षहरूमा डेङ्गु ज्वरोको प्रकोप पनि तीव्र थियो, जसले कोभिडसँग नजोडिकन अतिरिक्त मृत्युको सङ्ख्या बढाउन सक्थ्यो।

अर्को समस्या धेरै राष्ट्रहरूसँग पहिलो चरणमा भएका कोभिड सङ्क्रमणजन्य मृत्युबारे थोरै वा कुनै तथ्याङ्क नै छैन। डब्ल्यूएचओका अनुसन्धाताले यसै महिना सार्वजनिक रिपोर्टमा उल्लेख गरेअनुसार, "विश्वका लगभग आधा देशहरूमा उपलब्ध तथ्याङ्कको प्रयोग गरेर अत्यधिक मृत्युदर पत्ता लगाउन सम्भव छैन र यसका लागि हामीले तथ्याङ्कीय विधिहरूमा भर पर्नुपर्छ। अफ्रिकामा ४७ मध्ये छ देशमा मात्र मृत्युको मासिक तथ्याङ्क उपलब्ध थियो।

चीनमा १० लाख को मृत्यु

सन् २०२३ लाई लक्षित गर्दै शून्य-कोभिडका उपायहरू हटाएर नयाँ मृत्युको सम्भावित स्रोत नदेखिने सम्भावनाका रूपमा चीन देखापरेको छ। महामारीको सुरुवातमा कडा उपायहरूको पहिलो सहजताको साथ, चीनको १.४ अर्ब जनसङ्ख्यामध्ये विशेष गरी जोखिममा रहेका वृद्धहरू र अन्य केहीमा पहिलेको कोभिड सङ्क्रमणबाट प्रतिरक्षा छ, र खोप दर पछाडि परेको छ।

आईएचएमईको नमूनाले अप्रिल १ सम्ममा चीनमा तीन लाखभन्दा बढी र सन् २०२३ मा १० लाखभन्दा बढीको मृत्यु हुने अनुमान गरेको छ। गत हप्ता चीनले कोभिड-१९ का कारण हुने मृत्युलाई पुनः वर्गीकृत गरेको थियो। यो अब श्वासप्रश्वाससम्बन्धी समस्याबाट सीधै आएको खण्डमा मात्र गणना हुनेछ। विश्लेषकहरूले आधिकारिक रूपमा मान्यता प्राप्त मृत्युको सङ्ख्या नाटकीय रूपमा बढाउने बताएका छन्।

हालैका हप्ताहरूमा चीनका अस्पतालहरू सङ्क्रमणको विस्फोटबाट खचाखच भरिएका छन् तर रोग नियन्त्रणसम्बन्धी राष्ट्रिय निकायले बिहीबार एक जना मात्र नयाँ व्यक्तिको मृत्यु भएको जनाएको छ। आईएचएमईका हेल्थ मेट्रिक्स साइन्सका प्राध्यापक अली मोकदादले एएफपीसँग भन्नुभयो, "सही तथ्याङ्कले मात्र भाइरसबाट जोगिन मद्दत गर्न सक्छ।

# प्रतिबन्धको मारमा परेको हुवावे पूर्ववत अवस्थामा फर्किएको दावी

**सिन्ह्वा**

बेइजिङ । चिनियाँ विशाल प्रबिधि कम्पनी (हुवावे)ले अमेरिकी प्रतिबन्धका बावजुद पनि सन् २०२२ का लागि वार्षिक आम्दानी स्थिर रहने अनुमान गर्दै 'व्यवसायमा पूर्ववत अवस्थामा' फर्किएको शुक्रबार जनाएको छ।

दूरसञ्चार उपकरण, स्मार्टफोन र अन्य उन्नत उपकरणहरूको अग्रणी आपूर्तिकर्ता, हुवावेलाई पूर्व अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको प्रशासनले साइबर सुरक्षा र जासूसी चिन्ताको कारण कारबाहीस्वरूप प्रतिबनध लगाएको थियो। ट्रम्पका उत्तराधिकारी जो बाइडेनले विश्वव्यापी आपूर्ति श्रृंखलामा हुवावेको पहुँचलाई खतरामा पार्ने पूर्ववत् अमेरिकी सरकारको नियमहरूसँगै कम्पनीमाथिको प्रतिबन्धलाई थप मजबुत पार्नुभएको थियो।

हुवावेका अध्यक्ष एरिक जुले नयाँ वर्षको शुभकामना सन्देशमा कम्पनीको अवस्था सकारात्मक रहेको टिप्पणी गर्नुभएको छ।

'सन् २०२२ मा हामीले सफलतापूर्वक आफूलाई सङ्कटको मोडबाट बाहिर निकालेका छौं। अमेरिकी प्रतिबन्धहरू अब हाम्रो लागि सामान्य हो,' उहाँले पत्रमा भन्नुभएको छ। "हामी सामान्य रूपमा व्यवसायमा फर्केका छौं,' उहाँले थप्नुभयो।

कम्पनीले सन् २०२२ का लागि वार्षिक आम्दानी ६३६.९ अर्ब युआन (झण्डै ९२ अर्ब अमेरिकी डलर) हुने अनुमान गरेको छ, जुन सन् २०२१ को ६३६.८ अर्ब युआनभन्दा केही बढी हो। अमेरिकी नेतृत्वको प्रतिबन्धले हुवावेको दूरसञ्चार उपकरण र स्मार्टफोन व्यवसायको ठूलो हिस्सा ओगट्न थालेपछि हुवावेले राजस्व प्रवाहमा विविधता ल्याएको बताएको थियो।





सुन्तला गाउँका रुपमा परिचय कमाएको बागलुङ नगरपालिका–८ सिगानाका अगुवा किसान अनन्तबहादुर खड्काले उत्पादन गरेको सुन्तला बजार पठाउनका लागि ग्रेडिङ गरिँदै । सिगानामा यस वर्ष तीन करोडको सुन्तला उत्पादन भएको छ । *तस्बिर : रासस*

# नयाँ लगानी रोकेर अल्पकालीन सापटी चुक्ता गर्दै बैंक

काठमाण्डु । बैंक तथा वित्तीय संस्थाले बजारमा नयाँ लगानी रोकेर भए पनि राष्ट्र बैंकको सापटी भुक्तानी गरेका छन् ।

राष्ट्र बैंकबाट स्थायी तरलता सुविधा (एसएलएफ) उपयोग गरेका त्यस्ता संस्थाले पछिल्लो समय यस्तो सापटी सुविधालाई शून्य नजिक पुऱ्याएका हुन् । गत असार मसान्तमा बैंकहरूले उपयोग गरेको एसएलएफ सुविधा रु एक खर्ब ४८ अर्ब बराबर थियो । राष्ट्र बैंक आर्थिक अनुसन्धान विभागका कार्यकारी निर्देशक डा प्रकाशकुमार श्रेष्ठका अनुसार अहिले यो आकार रु दुई अर्बमा झरेको छ ।

राष्ट्र बैंकको खुला बजार कारोबारसम्बन्धी विनियमावलीमा भएको संशोधनका कारण यस्तो उपयोग घटेको उहाँको भनाइ छ । राष्ट्र बैंकले यही पुस १ गतेदेखि लागू हुने गरी उक्त विनियमावली संशोधन गर्दै एसएलएफ सुविधाको सीमालाई १० गुणाभन्दा धेरै सङ्कुचित बनाएको थियो । नयाँ व्यवस्थाअनुसार बैंकहरूले अघिल्लो हप्ता कायम रहेको निक्षेपको बढीमा एक प्रतिशतसम्मको तरलता मात्रै तोकिएको बैंकदरमा उपयोग गर्न सक्छन् ।

झण्डै रु ५२ खर्बका आधारमा बैंक तथा वित्तीय संस्थाले अहिले बढीमा रु ५२ अर्बसम्म मात्रै पाउने अवस्था छ । त्योभन्दा बढी तरलताका लागि बजारको प्रतिस्पर्धी बजारअनुसार ब्याज तिर्नुपर्छ । यसका लागि राष्ट्र बैंकले दीर्घकालीन रिपो तथा निक्षेप उपकरणको प्रयोग गर्ने नीति बनाएको छ ।

संशोधित नियमावली लागू हुनुअघि बैंकहरूले सरकारी सुरक्षणपत्रको ९० प्रतिशतसम्म स्थायी तरलता सुविधा पाउँदै आएका थिए । विनियमावली लागू गरेर बैंकलाई स्थायी तरलता सुविधालाई अत्यावश्यक औजारका रुपमा मात्रै उपयोग गराउन खोजेको कार्यकारी निर्देशक श्रेष्ठ बताउनुहुन्छ ।

"पहिले राष्ट्र बैंकले जति पनि एसएलएफ दिने भएकाले बैंकहरूले यसलाई सामान्य वित्तीय औजारका रुपमा उपयोग गर्थे", उहाँले भन्नुभयो, "विनियमावली संशोधनपछि अत्यावश्यक अवस्थामा मात्रै उपयोग गर्ने गरी स्पेस राखेका छन् । भोलिका दिनमा तरलताको समस्या आजभन्दा बढ्न सक्छ, त्यस्तो भयो भने उपयोग गर्नुपर्छ भनेर अहिले उपयोग नगरेको देखिन्छ ।"

नेपाल बैंकर्स सङ्घको तथ्याङ्कअनुसार पुसभित्रमा वाणिज्य बैंकहरूले रु ५७ अर्ब निक्षेप विस्तार र सङ्कलन गर्दा थप रु दुई अर्ब कर्जा बढाएका थिए । त्यस्तै पुस पहिलो साता रु २० अर्ब निक्षेप बढ्दा कर्जा लगानी रु एक अर्बले मात्रै वृद्धि भएको थियो । यो रकम बैंकहरूले एसएलएफ तथा पुनरकर्जाको भुक्तानीका लागि उपयोग नगरेको देखिन्छ ।रासस

# कृषि प्रवर्द्धनमा डुडुवा गाउँपालिकाको पहल

खजुरा । बाँके जिल्लाले धान, गहुँ, मकै र मसुरोको बीउ उत्पादनलाई जोड दिएको छ । किसानलाई बीउमा आत्मनिर्भर गराउने पालिकाको रणनीति रहेको छ । धान, गहुँ, मकै, मसुरोको बीउ प्रशोधनका लागि अत्याधुनिक प्रशोधन प्लान्ट जडान गरिसकिएको र यो सञ्चालनको प्रक्रियामा रहेको छ । यो प्लान्टले प्रतिघण्टा एक मेट्रिक टन प्रशोधन गर्न सक्छ । बीउ उत्पादनलाई प्रशोधन र बजारीकरणका लागि छ सय मेट्रिक टन क्षमताको बीउ भण्डारण घर स्थापना गरिएको छ ।

आलु बीउ भण्डारणका लागि कोल्डस्टोर बनाउने योजना अघि सारिएको र यसका लागि ठेक्का सम्झौता अन्तिम चरणमा पुगेको बताइएको छ । डुडुवामा पाँच सय मेट्रिक टन बीउ खपत भई नौ सय मेट्रिक टन आलु उत्पादन हुन्छ । शीत भण्डारमा आलु, प्याज र लसुन राख्न सकिन्छ ।

विगतमा यहाँका कृषकले भारतको नानपारा र पछि कोहलपुरमा लगेर राख्न बीउ राख्ने गरेकामा अब पालिकामै भण्डारण गर्न सकिने भएको छ । पालिकाले बीउमा आत्मनिर्भर गराउने योजनाअघि सार्दा किसानलाई प्रत्यक्ष फाइदा हुने भएको छ । पालिकाले बगर खेतीलाई अगाडि सार्ने योजना बनाएको छ । कृषि शाखाका प्रमुख सुशीलकुमार शर्माका अनुसार राप्ती नदी र डुडुवा नालाले ठूलो जमिनलाई बगर बनाएको छ । त्यहाँ तोरी, मसुरो, लहरेबाली लगाउने रणनीति बनाइएको छ ।

केही किसानले बगरमा लहरेबाली अर्थात् लौका, फर्सी, करेला, बोडी, तर्बुजा, खर्बुजा लगाएका थिए । बगरमा जग्गाको विवाद देखिन थालेपछि पालिकाले जग्गाको यकीन गरेर छ फिटको पिलर नै गाड्न सुरु गरेको छ । "राप्ती नदीको धार कहिले कता जान्छ, कहिले कता जान्छ, बगरमा जग्गा विवाद देखियो", कृषि शाखा प्रमुख शर्माले भन्नुभयो, "सदाका लागि विवाद मिलाउन छ फिटको ढलान पिलर गाड्न सुरु गरेका छौँ । यसो गरेपछि जग्गा विवाद टुङ्गिन्छ ।"

भारतले सन् १९८५ देखि १९९० सम्ममा राप्ती नदीमा लक्ष्मणपुर बाँध र सन् २००० मा कलकलवा तटबन्ध बनाउनुका साथै पछिल्लो समयमा दशगजामै पक्की बाँध बनाएपछि डुडुवाका धेरै बस्ती डुबान, कटान र पटानको जोखिममा रहेका छन् । राप्ती नदीमा बाढी आउँदा सबैभन्दा पहिला डुडुवाका होलिया, बेतहनी, वनकट्टी, कम्दीका केही भाग डुबानमा पर्छन् । बाढीले गर्दा बगर बनेको ठाउँमा खेती गर्न पालिकाले योजना अघि सारेपछि ठूलो सङ्ख्याका किसान प्रत्यक्ष लाभान्वित हुने भएका छन् ।

डुडुवाको कूल क्षेत्रफल नौ हजार एक सय २८ हेक्टर रहेको छ । त्यसमा खेतीयोग्य जमिन चार हजार दुई सय १८ हेक्टर रहेको छ । पालिकाको कूल क्षेत्रफलमध्ये आधाजसो मात्रै खेतीयोग्य जमिन रहेकाले ठूलो सङ्ख्याका परिवारलाई वर्षभरि खान पुग्ने उत्पादन हुन नसक्दा यहाँका बासिन्दा खाद्यान्नमा आत्मनिर्भर हुन सकेका छैनन् । पालिकामा १७ दशमलव ४६ प्रतिशत घरपरिवारलाई आफ्नै उत्पादनले तीन महिनासम्म खान पुग्छ । चारदेखि छ महिनासम्म खाना पुग्ने २१ दशमलव ६७ प्रतिशत घरपरिवार रहेका छन् । सातदेखि नौ महिनासम्म २१ दशमलव ५७ प्रतिशत घरपरिवारलाई खान पुग्छ । नौदेखि बाह्र महिनासम्म आफ्नै उत्पादनले खान पुग्ने घरपरिवार ३९ दशमलव २९ प्रतिशत रहेका छन् ।

पालिकामा धानबालीको औसत उत्पादन प्रतिहेक्टरमा ४.३ मेट्रिक टन रहेको छ । मकैबाली प्रतिहेक्टरमा ८० मेट्रिक टन, आलु प्रतिहेक्टरमा २८ मेट्रिक टन र तरकारी बाली प्रतिहेक्टरमा १० मेट्रिक टन उत्पादन हुने गर्दछ । पालिकाले सबै उत्पादन बढाउनका लागि केहीमा निःशुल्क त केहीमा ५० प्रतिशत अनुदानमा बीउ दिने गरेको छ । प्रत्येक घरधुरीलाई टोकन दिइएको छ । धान र गहुँको बीउ ५० प्रतिशत अनुदानमा दिइएको छ । विभिन्न समूह र सहकारीबाट बीउ दिइएको छ । तरकारीको बीउ निःशुल्क बाँडिएको छ । व्यावसायिक किसानलाई पालिकाले ५० प्रतिशत अनुदानमा बीउ दिने गरेको छ ।

साउन र भदौ महिनाबाहेक अरु महिना तरकारी फलाउने उचे मसहाका किसान नैन खाँले वार्षिक रु आठ लाख मुनाफा कमाउने बताउनुभयो । "काउली, गोलभेडा, भन्टा, खुर्सानी, मूला, रायो साग, आलु लगाउँछु । वर्षमा आठ लाख रुपैयाँ फाइदा हुन्छ", किसान खाँले भन्नुभयो, "वर्षमा दुई पटक तरकारी फलाएर बेच्ने गरेको छु ।"रासस

# यही पुस १७ गते पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको उद्घाटन गरिँदै

कास्की । देशकै प्रमुख पर्यटकीय सहर पोखरामा नवनिर्मित अन्तर्राष्ट्रिय विमानस्थलको भव्य उद्घाटनको तयारी गरिएको छ । यही पुस १७ गते अङ्ग्रेजी नयाँवर्षको पहिलो दिनदेखि सो अन्तर्राष्ट्रिय विमानस्थलको विधिवत् सञ्चालनमा ल्याउन लागिएको हो । पोखरा अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालयका अनुसार प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले भव्य समारोहकाबीच विमानस्थलको उद्घाटन गर्नुहुनेछ ।

शुभारम्भ समारोहमा उपप्रधान तथा अर्थमन्त्री विष्णु पौडेल, विभिन्न राजनीतिक दलका शीर्ष नेताहरू, उद्योगी तथा पर्यटन व्यवसायीको बृहत् सहभागिता रहने पोखरा अन्तर्राष्ट्रिय विमानस्थलका निर्देशक विक्रम गौतमले बताउनुभयो । उहाँका अनुसार विमानस्थल उद्घाटनको सम्पूर्ण तयारीका काम अन्तिम चरणमा पुगेको छ ।

उहाँले भन्नुभयो, "सम्माननीय प्रधानमन्त्रीज्यूको प्रमुख आतिथ्यतामा विमानस्थल उद्घाटन कार्यक्रमको अन्तिम तयारीमा छौँ । नेपाल नागरिक उड्डयन प्राधिकरण, प्रदेश सरकार, पोखरा महानगरपालिका, पोखरा पर्यटन परिषद्लगायत पर्यटन सङ्घ संस्थाको सहभागितामा उद्घाटन समारोह विशेष र भव्य हुनेछ ।"

पोखरा अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालयका अनुसार विमानस्थल उद्घानका दिन बिहान पहिलो उडानबाट विमानस्थलमा अवतरण गर्ने जहाजका चालकदल तथा यात्रुलाई फूलमालाले स्वागत गरिने छ ।




त्यसैगरी बिहान ११ बजेपछि औपचारिक कार्यक्रम शुभारम्भ हुनेछ भने अपराह्न २ बजेपछि 'सेलिब्रेसन'को कार्यक्रम छ । पोखरा महानगरपालिका र पोखरा पर्यटन परिषद्को समन्वयमा विभिन्न जातजातिका झाँकी, फेसन सोलगायतका कार्यक्रमका साथ उद्घाटन समारोहलाई भव्य बनाइने निर्देशक गौतमले बताउनुभयो ।

अन्तर्राष्ट्रिय विमानस्थल उद्घाटन कार्यक्रमलाई थप व्यवस्थित बनाउन पोखरा महानगरपालिकाले पनि काम सुरु गरेको छ । महानगर समरोह भव्य बनाउने गरी जुटेको छ । उद्घाटन समारोहपछि उत्सवको जिम्मा महानगरको छ । महानगरले विमानस्थल उद्घाटन समारोहलाई भव्य बनाउन विभिन्न जातजातिका मौलिका झाँकी अभिनन्दन कार्यक्रम, विभिन्न सांस्कृतिक प्रस्तुति र सेलिब्रेसन गरिने जनाएको छ । विमानस्थलका परिकल्पनाकार शङ्करराज पाठकलगायतलाई रथारोहणसहित अभिनन्दन गरिनेछ । महानगरले उद्घाटनलाई लक्ष्य गरी यही पुस १३ गते लेक साइडदेखि कोत्रेसम्म राजमार्गमा बृहत् सरसफाइ कार्यक्रम गरेको थियो ।

पोखरा अन्तर्राष्ट्रिय विमानस्थल पोखराका लागि गौरवको विषय भन्दै यसको उद्घाटन कार्यक्रमलाई व्यवस्थितरूपमा भव्य र सभ्य बनाउनुपर्ने आचार्यले बताउनुभयो । यो दशकौं लामो पोखरेलीको सपना मात्र नभए पश्चिम क्षेत्रकै 'लाइफलाइन'का रूपमा रहेको विमानस्थल भन्दै यसको कुशल र व्यवस्थित सञ्चालन महत्वपूर्ण हुने बताउनुभयो ।

उहाँले भन्नुभयो, "उद्घाटन समारोहलाई भव्य बनाउने गरी महानगरले काम गरिरहेको छ । यसका लागि विभिन्न उपसमिति गठन गरी काम गरेका छौँ । यस क्षेत्रको पर्यटन प्रवर्द्धनमा समेत विमानस्थल कोसेढुङ्गा सावित हुने भएकाले भव्य उद्घाटनको सन्देश विश्वभर पुऱ्याउनु आवश्यक छ । अन्तर्राष्ट्रिय सहरसँग हुने पोखराको सीधा सम्पर्कले पोखरा प्रवर्द्धनमा थप टेवा पुग्ने विश्वास लिएका छौँ ।"

विमानस्थलको उद्घाटनका दिनदेखिनै सबै आन्तरिक उडान सोही विमानस्थलबाट हुनेछन् । निजी विमान कम्पनीले नयाँ विमानस्थलबाट उडान सुरु गर्नका लागि कार्यालय व्यवस्थापन लगायत तयारी सकेका छन् । बुद्ध, यति र सौर्य एयरले परीक्षण उडानसमेत सम्पन्न गरेका छन् ।

पोखरा अन्तर्राष्ट्रिय विमानस्थलका लागि पोखरेलीले झण्डै पाँच दशकअघि सपना देखेका थिए । लामो प्रतीक्षापछि विमानस्थल निर्माण भएर सञ्चालनको अवस्थामा आउँदा पोखेरेली हर्षित छन् । यसबाट पोखराको समृद्धिको ढोका खुल्ने अपेक्षा यहाँका नागरिकको छ ।

पोखरा देशकै प्रमुख पर्यटकीय गन्तव्य भएको र विमानस्थल सञ्चालनसँगै पर्यटन क्षेत्रले बढी लाभ लिने भएकाले समेत पर्यटन व्यवसायी उत्साहित भएको पोखरा पर्यटन परिषद्का अध्यक्ष पोमनारायण श्रेष्ठले बताउनुभयो । विमानस्थल सञ्चालनमा आउने भएपछि आफूहरू हर्षित र उत्साहित भएको उहाँले बताउनुभयो । कोरोनापछि प्रभावित पर्यटन क्षेत्रलाई विमानस्थल सञ्चालनसँगै पर्यटक आगमन बढेर राहत मिल्ने विश्वास रहेको बताउँदै श्रेष्ठले भन्नुभयो, "विमानस्थल सञ्चालनमा आउने भएपछि हामी व्यवसायी, लगानीकर्ता सबै हर्षित भएका छौँ । पर्यटन क्षेत्रलाई ठूलो राहत मिल्ने विश्वास छ । अन्तर ाष्ट्रिय विमानस्थलसँगै पोखराको प्रवर्द्धन विश्वभर फैलाउने र धेरै पर्यटक भित्र्याउने योजना बनाउने छौँ ।"

पोखरा विमानस्थल चिनियाँ निर्माण कम्पनी सीएएमसीइले निर्माण गरेको हो । यसअघि गत वर्ष चैतमा चीनका विदेशमन्त्री वाङ यीको नेपाल भ्रमणकै अवसरमा विमानस्थल नेपाललाई हस्तान्तरण गरिएको थियो । त्यसबेला विमानस्थलको केही काम सम्पन्न हुन बाँकी थियो ।

चीनको एक्जिम बैंकको रु २२ अर्ब सहुलियतपूर्ण ऋण र अनुदान सहयोगमा विमानस्थल निर्माण गरिएको हो । विसं २०३२ मा जमिन अधिग्रहण गरिए पनि चार दशकपछि बल्ल विसं २०७३ मा विमानस्थलको शिलान्यास गरिएकामा विसं २०७४ देखि निर्माण सुरु भएको हो ।रासस

# च्याउको बीउ उत्पादनमा गृहिणी

महेन्द्रनगर । लालझाडी गाउँपालिका–३ पर्सियाकी राधिका राना गृहिणीबाट माथि उठ्दै पछिल्लो समय गाउँका महिलासित मिलेर च्याउको बीउ उत्पादनमा सक्रिय हुनुहुन्छ ।

पुस्तौँदेखि कृषि पेसाबाट जीविका चलाउँदै आएका उहाँ पछिल्लो दुई वर्षयता खेती किसानीसँगै गाउँका १५ महिलासँग मिलेर च्याउको बीउ उत्पादन गरी बिक्री वितरण गरिरहनुभएको छ । "धान, गहुँभन्दा च्याउको बीउ उत्पादनबाट राम्रो आम्दानी हुँदो रहेछ", उहाँले भन्नुभयो, "फुर्सदको समयमा गाउँमै च्याउ उत्पादन गर्ने सानो उद्योग सञ्चालन गरेर आयआर्जनमा जुटेका छौँ ।"

सामान्य लेखपढ गरेकी रानाले एक दिने च्याउको बीउ उत्पादन गर्ने तालिम लिएर अहिले मेसिन चलाउन सक्ने भएको उहाँ बताउनुहुन्छ । राधिकाजस्तै पर्सियाका राना थारु समुदायका महिला दातृ तथा स्थानीय वडा कार्यालयको सहयोगमा च्याउको बीउ उत्पादनमा जुटेका छन् ।

त्यसैगरी लालझाडी–३ का महिला वडा सदस्य शान्ति रानाले च्याउ उत्पादन तथा वितरण महिला समूहको नेतृत्व गरिरहनुभएको छ । "कन्या जातको च्याउको बीउ उत्पादन गरेर बिक्रीका लागि धनगढी, गोदावरी र बेलौरीलगायतका बजारसम्म पुग्छ", उहाँले भन्नुभयो, "गत वर्ष तीन क्विन्टल च्याउको बीउ बिक्री गरेका थियौँ ।" उहाँले अहिले भने नौ क्विन्टल बीउ तयार गरिएको जनाउँदै खपतको कुनै समस्या नरहेको बताउनुभयो ।

"च्याउको बीउ प्रतिप्याकेट रु ८० मा बिक्री हुन्छ", उहाँले भन्नुभयो, "च्याउ उत्पादनमा गाउँबस्तीमा कृषक आकर्षित हुँदै गएका छन् ।" उहाँले चालु आर्थिक वर्षमा च्याउको बीउ उत्पादनमा वडा कार्यालयबाट पनि रु ५० हजार अनुदान प्राप्त भएको बताउनुभयो । "उत्पादन गरेको बीउ दुई महिनाभित्र खपत भएन भने खराब भइसक्छ", रानाले भन्नुभयो, "बीउ बिक्रीबाट भएको मुनाफा उद्योगमै लगानी बढाउने काम भएको छ ।"

उहाँले घरको गृहिणी जीवन बिताइरहेका राना थारु महिला पछिल्लो समय च्याउ उत्पादनका साथै विभिन्न आयमूलक काममा लागि परेको जानकारी दिनुभयो । "यहाँ पालिकाले पनि हामीबाट पाँच क्विन्टल बीउ खरिद गरेर कृषकलाई वितरण गरेको थियो", उहाँले भन्नुभयो, "अब च्याउ उत्पादनमा लागेका किसानलाई बीउका लागि भौतारिनुपर्ने अवस्था रहेन ।"

त्यसैगरी स्थानीय रेखा रानाले च्याउको बीउ उत्पादन गर्ने मेसिनलगायत प्राविधिक सहयोग नेपाल राष्ट्रिय समाज कल्याण सङ्घबाट प्राप्त भएको बताउनुभयो । "हाम्रो महिला समूहबाट रु ६५ हजार लगानी भए पनि राष्ट्रिय समाज कल्याण सङ्घबाट रु चार लाख ४० हजार मेसिन खरिदलगायतमा भयो", रानाले भन्नुभयो, "महिलालाई आयमूलक काममा लगाउन दाताले गरेको सहयोगले हामीलाई पनि सहज भयो ।" उहाँले बीउ उत्पादनबाट भएको आम्दानी समूहमा बचतसमेत गर्ने गरेको बताउनुभयो । "च्याउको बीउ उत्पादनसँगै च्याउखेती गर्ने योजनामा पनि हामी छौँ", उहाँले भन्नुभयो, "अब गृहिणी पनि आयमूलक काममा लागेर मुनाफा आर्जन गर्न सक्छन् भन्ने उदाहरण पनि हो ।" उहाँले पालिकासँगै दाताको सहयोगले पछिल्ला वर्षमा आफ्नो समुदायका कृषक नगदेबालीका रुपमा तरकारी खेती, च्याउखेती, कुखुरा तथा बङ्गुरपालनलगायतका काममा सक्रिय रहेको बताउनुभयो ।

नेपाल राष्ट्रिय समाज कल्याण सङ्घ (एनएनएसडब्लुए) का उत्पादन परियोजना संयोजक विनोदविक्रम जैरुले परियोजनाअन्तर्गत लालझाडीमा महिलालाई च्याउ उत्पादनमा सहयोग गरिएको बताउनुभयो । "परियोजनाअन्तर्गत च्याउको बीउ उत्पादन, खेतीदेखि माछापालनलगायतका आयमूलक काममा आर्थिक तथा प्राविधिक सहयोग गरिँदै आएको छ", उहाँले भन्नुभयो, "महिलालाई आर्थिकरुपमा सबल बनाएर आत्मनिर्भर होउन भनेर पनि दाताको सहयोग रहँदै आएको छ ।" उहाँले च्याउको बीउ उत्पादनमा पर्सियामा महिला समुहमाथि पहिलोपटक सहयोग गरिएको बताउनुभयो । "लगानीअनुसार बीउ उत्पादन सबल हुँदै गएको छ", उहाँले भन्नुभयो, "मागअनुसारको बीउ उत्पादन गर्न सकिएको छैन ।"रासस

# हेटौँडा उपमहानगरको बजेट संशोधन

वाग्मती । हेटौँडाउपमहानगरपालिकाले चालू आर्थिक वर्षको बजेटमा संशोधन गरेको छ । उपमहानगरपालिद्वारा हेटौँडामा आयोजित नगर परिषद् बैठकमार्फत् चालू आवको बजेटलाई संशोधन गरी रु तीन अर्ब पाँच करोड पुऱ्याइएको छ ।

हेटौँडा उपमहानगरपालिकाका उपप्रमुख राजेश बानियाँद्वारा सो बैठकमा प्रस्तुत प्रगति प्रतिवेदनमार्फत् जानकारी दिइएको हो ।

गत असारमा सम्पन्न ११औँ नगर परिषद्द्वारा चालू आवका लागि रु दुई अर्ब ७१ करोड ७९ लाख बजेट पारित गरिएको थियो । तर अघिल्लो आर्थिक वर्षको रु ३७ करोडभन्दा बढी जिम्मेवारी सरेर आएको योजना तथा कार्यक्रमको रकम भुक्तानी गर्नु परेकाले बजेट संशोधन गरिएको उहाँले बताउनुभयो ।

बैठकमा प्रस्तुत प्रतिवेदनमा चालू आवको हालसम्मको प्रगति प्रतिवेदन प्रस्तुत गरिएको थियो भने बाँकी अवधिमा गर्नुपर्ने कार्य तथा लक्ष्यको विवरण प्रस्तुत गरिएको थियो ।

चालू आवको मङ्सिर मसान्तसम्ममा सङ्घीय सरकारबाट समानीकरण तथा ससर्त अनुदानतर्फ रु ५५ करोड ४६ लाख, प्रदेश सरकारको समानीकरण अनुदानतर्फ रु ३७ लाख ५० हजार, राजस्व बाँडफाँटतर्फ रु ६ करोड सात लाख ६८ हजार र आन्तरिक स्रोततर्फबाट रु ८७ करोड ८७ लाख आम्दानी भएको उपप्रमुख बानियाँले जानकारी दिनुभयो । साथै उपमहानगरपालिकाले दुई सय ४८ वटा योजनामध्ये ४८ वटा योजना सम्पन्न गरेको प्रस्तुत प्रतिवेदनमा उल्लेख छ ।

उपमहानगरपालिकाका प्रमुख मीनाकुमारी लामाको अध्यक्षतामा भएको सो बैठकमा योजना कार्यावन्यनका आधारमा हेटौँडा–१४ लाई प्रथम र १५ लाई द्वितीय घोषणा गरिएको थियो । प्रथम र द्वितीय वडालाई क्रमशः रु २० लाख र १५ लाख बराबरको योजना अनुदानस्वरुप उपलब्ध गराउने जानकारी दिइएको थियो ।

उक्त अवसरमा प्रमुख लामाले हेटौँडा उपमहानगरपालिकामा जनअपेक्षाअनुरुप विकास निमार्णका साथै शिक्षा, स्वास्थ्य र रोजगारीमा जोड दिएको बताउनुभयो ।रासस

# विद्यालयद्वारा जाडो बिदा

**टुडे समाचारदाता**

जलेश्वर। तीन दिनयता जिल्लाका सबैजसो भेगमा दिनभरि नै बाक्लो हुस्सु लागेर मुटु कमाउने सिरेटो लगातार बहिरहेपछि स-साना बालबालिकाको स्वास्थ्यलाई ख्याल गर्दै जाडो बिदा दिन थालिएको छ।

मनराशिशवा नगरपालिकाका नगर प्रमुख मोहन पाण्डेले नगर क्षेत्रका सबै विद्यालयमा जाडो बिदा दिएको बताएका छन्। शुक्रबारसम्म बिदा दिइएको छ। सो नगरपालिकामा आधारभूत र मावि तहका गरी १६ विद्यालय छन्। जिल्लाका अन्य १४ स्थानीय तहका विद्यालयमा पनि अधिकांश विद्यार्थी चिसोका कारण विद्यालय आउन छाडेका छन्।

केही दिनयता विद्यार्थीको उपस्थिति ह्वात्तै घटेको छ। मौसममा सुधार नभए केही दिन बिदा दिने तयारी भएको भंगहा नगरपालिकाका प्रमुख सञ्जीवकुमार साहले बताए। मनराशिशवा नगरपालिकाले बस्तीबस्तीका चोकमा दाउराको व्यवस्था गरेको छ।

# 'संघीयताको कार्यान्वयन चुनौतीपूर्ण'

**टुडे समाचारदाता**



राजविराज। मधेश प्रदेशका अर्थमन्त्री शैलेन्द्र प्रसाद साहले संघीयताको कार्यान्वयन चुनौतीपूर्ण रहेको बताएका छन्।

शुक्रवार पत्रकार महासंघ शाखा सप्तरीको नवनिर्मित दुई तल्ले अतिथि गृह भवनको उद्घाटन गर्दै उनले यस्तो बताएका छन्।

उनले संघीयता विरोधी केही शक्तिको चलखेलसमेत बढ्न थालेकोले सुझबुझ पूर्ण तरिकाले संघीयताको कार्यान्वयनका लागि सचेत हुनु आवश्यक रहेको धार्ना राखे।

आफूहरु प्रदेशसभामा चुनिएर गएको बेला २ नम्बर प्रदेशले चिनिने प्रदेशलाई अहिले 'मधेश प्रदेश'का रुपमा नामकरण गर्न सफल भएको बताउँदै उनले यो एक महत्वपूर्ण उपलब्धि रहेको दाबी गरेका छन्।

संघीयताको नयाँ अभ्यासका क्रममा आफूहरुको पालोमा लोकसेवा लगायत विभिन्न ६० वटा कानून समेत तयारी गरिएको जानकारी दिँदै उनले प्रदेशमा अब बन्ने सरकारका लागि काम गर्न सहज हुने विश्वास समेत व्यक्त गरे।

मन्त्री साहकै पहलमा मधेश प्रदेश सरकारबाट प्राप्त बजेटबाट उक्त ८ कोठे सुविधा सम्पन्न अतिथि गृह निर्माण गरिएको छ। सो अवसरमा पत्रकार महासंघ सप्तरीका अध्यक्ष श्रवण देवले महासंघको अतिथि गृह भवन निर्माणमा पहल र सहयोग गरेकोमा मन्त्री साहप्रति धन्यवाद व्यक्त गर्दै दोसल्ला ओढाएर उनलाई सम्मान गरेका थिए।

# 'बेथितीलाई अन्त्य गर्नु आवश्यक'

**सिकेन्द्र पासवान**



कलैया। संघीय मन्त्री ज्वाला कुमारी साहले गुणस्तरीय शिक्षाका लागि बेथितीलाई अन्त्य गर्नु आवश्यक रहेको बताएकी छन्।

रामराजा माहेन बिक्रम शाह बहुमुखी क्याम्पसको १५ औं क्याम्पस सभामा मन्त्री साहले जिल्ला कै जेठो क्याम्पस भएको रामराजले शिक्षाको क्षेत्रमा चाहे जति फडको मार्न नसकेको हुँदा यहाँका विद्यार्थीहरु अन्यत्र जिल्लाहरुमा गइ पाठन पाठन गर्ने बाध्य भएको बताइन।

यस क्याम्पसलाई जिल्ला कै नमुना बनाउने तिर कुनै कसर बाँकी नराख्ने प्रतिवद्धता व्यक्त गर्दै उनले शिक्षाले नै समाज बदलिने भएको हुँदा छात्र छात्राहरुलाई विकृति बिसंगतिमा नलागि अभिभावकहरुको चाहनालाई पूरा गर्न पनि दतचित भइ पढाइमा ध्यान केन्द्रित गर्न सुझाव समेत व्यक्त गरिन।

यहाँका बेथितीहरुलाई सुधार गरी गुणस्तर शिक्षा उपलब्ध गराउन सके मात्र यस क्षेत्रका गरिब तप्काका विद्यार्थीले सहज रुपमा उच्च शिक्षा प्रदान गर्नमा महत्वपूर्ण टेवा पुग्ने थियो मन्त्री साहको कथन छ।

प्रदेशमा शिक्षाको स्तर खस्दै जानुमा क्याम्पस, उच्च मावि, आधारभूत विद्यालयहरुका प्राध्यापक, शिक्षकहरुको कमजोरी रहेको नकार्न नसक्ने बताउँदै यसलाई सुधारोन्मुख बनाउन शिक्षकहरुको भूमिकालाई अझै प्रभावकारी बनाउदै त्यसमा अभिभावक एवम संचालक समितिका पदाअधिकारीहरुको भूमिका फराकिलो बनाउनुपर्ने सुझाव दिएका थिए।

तराई मधेसका जिल्लाहरुमा प्राध्यापक, शिक्षकहरुले समयमा विद्यालय नआउनु, जति बेला मन लाग्यो उति बेला नै हिडि दिने, बढी बिदा लिने, मन लगाएर बिधार्थीहरुलाई नपढाउने जस्ता विकृतिका कारणले पनि शिक्षा क्षेत्रमा बेथिती आएको बक्ताहरुको भनाइ रहेको थियो।

प्राध्यापकहरु पठनपाठनमा कम समय दिने, बढी राजनीतिमा समावेश हुने गरेको जनगुनासालाई नचिरेसम्म प्रभावकारी शिक्षा एवम् गुणस्तरीय शिक्षा दिन नसक्ने कुरामा उनीहरुले जोड दिएका थिए।

क्याम्पस संचालक समितिका अध्यक्ष प्रभुनाथ पटेलको अध्यक्षतामा सम्पन्न सो कार्यक्रममा नेकपा एमालेका सचिव अध्यानन्द पाण्डेय, पूर्व संचालक समितिका अध्यक्ष सुरेश मोदक, क्याम्पस प्रमुख रबिभूषण कुशवाहा, संचालक समितिका उपाअध्यक्ष जंग बहादुर चौरसिया, प्राध्यापक अमित मिश्र लगायतकाले सभाको सफलताको शुभकामना व्यक्त गरेका थिए।

# चार अर्बको धान आयात

**टुडे समाचारदाता**

वीरगञ्ज। वीरगञ्ज भन्सार नाकाबाट डेढ महिनाको अवधिमा करिब ४ अर्बको धान आयात भएको छ। धानको निर्यातमा भारत सरकारले लगाएको प्रतिबन्ध खुला गरेपछि कार्तिक १५ गतेदेखि मंसिर मसान्तसम्म ३ अर्ब ९८ करोड ६६ लाख ४३ हजार रुपैया बराबरको ९९ हजार ९ सय ४८ मेट्रिक टन धान आयात भएको वीरगञ्ज भन्सार कार्यालयले जनाएको छ।

६ लाख मेट्रिक टन धानमा कर नलाग्ने गरी कोटा नै तोकेर भारतले नेपालका लागि निर्यात खुला गरेपछि नेपाली व्यापारीहरुले भारतबाट धान आयात गर्न अग्रसर भएका छन्।

नेपालकै प्रमुख भन्सार नाका वीरगञ्जस्थित एकीकृत भन्सार जाँच चौकी (आईसिपि) को यार्डमा आँखाले देख्नसक्ने जति ठाउँ अहिले धान बोकेको मालबाहक सवारीका साधनले ओगटेको छ। दिनहुँ भारतबाट धान बोकेर नेपाल भित्रिएका मालवाहक सवारीका साधनहरु भन्सार परिसरमा राखिएको छ।

नेपाल सरकारको पहल र व्यवसायीहरूको अनुरोधमा भारत सरकारले कात्तिक १५ गतेदेखि धानमा लगाएको प्रतिबन्ध हटाएको वीरगञ्ज उद्योग वाणिज्य संघका अध्यक्ष डा.सुबोधकुमार गुप्ताले बताए।

उनले भने 'भारत सरकारले आन्तरिक उत्पादन घटेको र मुलुकभित्रै खपत बढी भएकाले नेपालमा धान निर्यात रोकेको थियो, हाम्रो माग १६ लाख मेट्रिक टन धान शुन्य भन्सार शुल्कमा नेपालका लागि छोडिदिनुपर्छ भन्ने हो तर अहिले भारत सरकारले ६ लाख मेट्रिकटन धानमा मात्रै भन्सार नलाग्ने निर्णय गरेको छ'।



भारतको आफ्नै आन्तरिक खपतलाई नपुग्ने भएपछि नेपालका लागि धानको निर्यातमा प्रतिबन्ध लगाएको थियो। तर नेपाली व्यवसायीहरूको अनुरोध र नेपाल सरकारको पहलमा भारत सरकारले प्रतिबन्ध हटाएपछि भारतबाट धानको आयात सहज भएको छ।

वीरगञ्ज भन्सार कार्यालयका अनुसार मंसिर मसान्तसम्म नेपाल सरकारले ९९ हजार ९४८ मेट्रिक टन धान आयात गरेको छ, जस्को मूल्य ३ अर्व ९८ करोड ६६ लाख ४३ हजार मूल्य बराबर पर्न आउँछ।

नेपालको आफ्नै उत्पादनले मुलुकभित्रको खाद्यान्नको आवशयकता धान्न नसकेपछि प्रति वर्ष ५ देखि ६ लाख मेट्रिकटन धान र त्यही अनुपातमा व्यवसायीहरूले चामल आयात गर्दै आएका छन्।

यसअघि भारतले धानमा लगाएको प्रतिबन्धले झण्डै १५ लाख मेट्रिक टन धानको अभावसँगै त्यत्तिकै मात्रामा खाद्य संकटको खतरा देखिएको थियो। नेपालको अनुरोधमा भारत सरकारले ६ लाख मेट्रिक टन धान शून्य करमा नेपालका लागि निर्यात खुला गरेको छ। तोकिएको परिमाणको धान अहिले नेपाली व्यवसायिहरुले भारतबाट आयात गरिरहेका छन्। तर त्यो पर्याप्त नभएको नेपाली व्यवसायीको गुनासो छ।

भारतबाट आयात भएको धानले नेपाली बजारमा ३ देखि ४ महिना मात्रै धान्न सक्ने व्यवसायीहरुले बताएका छन्। वीरगञ्ज उद्योग वाणिज्य संघका अध्यक्ष गुप्ताले भारतबाट आयात भएको धानले नेपाली बजारमा ३ देखि ४ महिना मात्रै धान्न सक्ने बताए।

'यो अपुग छ यस्ले हामीलाई ३/४ महिना मात्रै पुग्छ, त्यसपछि फेरि धान सटेज हुन्छ, ६ लाख मेट्रिकटन भन्दा धेरै धान निर्यात हुनासाथ भारतले २० प्रतिशत कर लगाउन सुरु गर्छ,' अध्यक्ष गुप्ताले भने 'भारत सरकारले कम्तीमा १५ लाख मेट्रिकटन धान भन्सार छुटमा निर्यात गनुपर्छ'।

भारतले रुस र युक्रेन युद्धका कारण घरेलु बजारमा खाद्यान्न अभाव हुने देखेर नेपालमा धान निर्यात रोकेको थियो। धानको निर्यात रोकेपछि भन्सार छलेर चोरीको बाटो हुदै नेपालमा ठूलो मात्रामा चामल आयात हुँदै आएको थियो। उद्योग वाणिज्य संघ मधेश प्रदेशका अध्यक्ष गणेशप्रसाद लाठले भन्सार छुटमा नेपाल आएका ४-५ सय ट्रक धानले नेपाली बजारमा ३ देखि ४ महिनामा मात्रै धान्न सक्ने बताए।

नेपालमा उत्पादन भएको धानले कति महिना धान्नसक्छ भन्ने सरकारी निकायसँग नै तथ्याकं नहुँदा भारतीय धान र चामल कति आउँछ भन्न नसकिने अध्यक्ष लाठले बताए।

'अहिले पहाडमा धान उत्पादन हुन छाड्यो, धानमा खर्च धेरै लाग्ने भएकोले तराईको आधा भन्द बढी खेतमा किसानले उखु र तरकारी गर्न थालेका छन्' उनले भने 'हामीकहाँ २ नं को बाटो (चोरी तस्करी) बाट भन्सार छलेर भारतीय चामल ल्याउने र त्यसलाई नेपाली ब्रान्ड बनाएर बिक्री गर्ने प्रचलन धेरै छ' बारा-पर्सा औधोगिक करिडोरमा एक दशक अघिसम्म सय भन्दा बढी चामल उद्योगहरु सञ्चालनमा थिए तर पछिल्लो समय अधिकांश बन्द भएर साना-ठूला गरी करिब ५० वटा चामल उद्योग सञ्चालनमा रहेको अध्यक्ष लाठले जनाए।

सन् १९७० देखि ८० को दशकसम्म नेपालले भारतसहित तेस्रो मुलुकमा धान र चामल निर्यात गर्ने गरेकोमा ८० दशकपछि नेपाल धान चामल आयात गर्ने देश बनेको छ। आफ्नै उत्पादनले नेपाली बजारको माग धान्न नसकेपछि धान चामल व्यवसायीहरु भारतबाट धान र चामल आयात गरिरहेका छन्।

भारतले बेलाबखत धानको निर्यातमा लगाउने प्रतिबन्धले नेपालमा खाद्य संकटसँगै यहाँ रहेका झण्डै ३ हजार धान चामल उद्योगहरु बन्द हुने र त्यसको मारमा उधोगी व्यवसायीसँगै त्यसमा काम गर्ने कामदारहरु पर्ने खतरा पनि उत्तिकै छ।

# दलित समुदाय चिन्तित

**ओम प्रकाश यादव**

गरुडा। रौतहटसहित तराई मधेशका जिल्लाहरुमा विस्तारै चिसो बढन् थालेको छ। चिसो बढ्न थालेपछि अति गरिव मानिने रौतहटका मुसहर, माझी, डोम, दलित लगायतका समुदाय बढी चिन्तित भएका छन्।

सरकारले चिसोबाट बच्न अहिलेसम्म कुनै व्यवस्था नगरेको अर्थात न्यानो कपडा अझै वितरण नगरेको भन्दै बढ्दै गरेको चिसोले कसरी बच्ने भन्ने चिन्तामा उनीहरु परेका छन्। विपन्न परिवार गरिबीका कारण चिसोले सबभन्दा बढी प्रभावित हुने गर्छन।

दिउँसो घाम लागे पनि विहान र बेलुका चिसो बढेपछि तराईका विपन्न परिवार समस्यामा पर्न थालेका छन्। चिसो छल्न घुर बालेर आगो ताप्नेहरुको संख्या बढन थालेको छ। तराईका विपन्न बस्तीहरुमा यतिखेर ज्यान तताउन घुर बालेर ताप्नेको लहर नै देखिन्छ।

तराई मधेशको जिल्लामा बढ्दै गरेको चिसोको कारण जनजीवन प्रभावित बनेको छ। चिसो बढेसँगै जिल्लाका सरकारी अस्पताल एवं स्वास्थ्य चौकीहरूमा बिरामीको चाप पनि उतिकै बढ्ने देखिएको छ। चिसोसँगै भाइरलज्वरोको प्रकोप बढ्ने सम्भावना रहन्छ।

तराईका जिल्लामा न्यानो कपडाको अभावमा गरिब र विपन्न समुदायका ज्येष्ठ नागरिकहरूको वर्षेनि चिसोले कठ्यांग्रिएर मृत्यु हुने गरेको छ। बढ्दो चिसोका कारण स्वास्थ्य संस्थाहरूमा कोल्ड डाइरिया, ज्वरो, रुघाखोकी र स्वासप्रश्वासका बिरामीहरु आउने क्रम विस्तारै बढन् थालेको चिकित्सकहरु बताउँछन।

चिसोबाट बच्न सरकारले समयमा न्यानो कपडाको व्यवस्था गर्न नसकेका कारण वर्षेनि तराईका गरिब एवम् विपन्न समुदायका नागरिकहरु अकालमै ज्यान समेत गुमाउँदै आएका छन्।

सरकारले अहिले तत्काल न्यानो कपडा र राहतको व्यवस्था नगरे जिल्लाका मुसहर, माझी, दलित लगायतका समुदाय चिसोको चपेटामा पर्ने निश्चित रहेको देखिएको छ।

त्यसैले स्थानीय, प्रदेश र कन्द्रका सरकारले उनीहरूलाई चिसोको कहरबाट जोगाउन आगो ताप्न दाउरा, ज्यान छोप्ने न्यानो लुगा र ओढ्ने-ओछ्याउनेको प्रबन्ध गर्नुका साथै चिसोका कारण बिरामी पर्नेहरूलाई उचित उपचारको व्यवस्था मिलाउन जरूरी रहेको देखिन्छ।

तराईमा पुस माघ महिनामा चल्ने गरेको शीतलहर र विहान बेलुका लाग्ने गरेको बाक्लो हुस्सुका कारण यहाँको जनजीवन अत्यन्त कष्टकर हुने गरेको छ।

चिसोमा झोलयुक्त तातो परिकारले स्वास्थ्य स्थिति सहज हुन्छ। त्यसैले सरकारले जनप्रतिनिधिमार्फत दाल, गेडागुडीलगायत खाद्यान्न वितरण गर्नुपर्छ। चिसोको कहर सहन विवश जनताका लागि स्थायी उपाय खोज्नेतर्फ सरकारले गम्भीरतापूर्वक पहल गर्नु आवश्यक देखिएको छ।

# जग्गाको समस्या समाधान



**टुडे समाचारदाता**

जनकपुरधाम। करिब २० वर्षदेखि सीमाको जग्गा सम्बन्धी समस्या खेपिरहेका मुखियापट्टीका किसानले आफ्नो जग्गा उपभोग गर्न पाउँ भनी गरेको प्रयास सफल भएको छ।

धनुषा जिल्लाको मुखियापट्टी मुसहरनिया गाउँपालिकामा पर्ने सीमा स्तम्भ नं. २८८ देखि २८९/८ वरिपरिको जग्गा जमुनी नदीले बहाव परिवर्तन गर्दा नदीको सिमाना भारततर्फ पर्न गएको जग्गा फिर्ता हुने आससमेत मारेका किसानले पुनः आफ्नो जमिन उपभोग गर्न पाउँदा हर्षित भएका छन्।

नेपाल तथा भारत दुबैतर्फका सीमा सुरक्षा बलको उपस्थितिमा दुबैतर्फका किसानले आफ्नो लालपूर्जा अनुसारको जग्गा उपभोग गर्न पाउने भनी यही पुस १२ गतेको निर्णयमा उल्लेख भएको मुखियापट्टी गाउँपालिका अध्यक्ष जयकुमार यादवले बताए।

खेतीयोग्य जग्गा फिर्ता पाउने आशासमेत मारिसकेका किसानले आफ्नो जग्गा फिर्ता पाई पुनः उपभोग गर्न पाउँदा धनुषाका किसान हर्षित भएका छन्।

फियान नेपालका मधेश प्रदेश संयोजक नन्दनी यादवले विगत एक वर्षदेखि उक्त समस्यामा परेका किसानहरूको पक्षमा अभियानले पीडित किसानले न्याय पाएको बताएकी छन्।

विगत एक वर्षको पहलमा वडास्तरीय बैठकदेखि सीमा प्रभावित खाद्य अधिकार समूह पनि गठन गरेर त्यस्तो समूहलाई एकजुट बनाइ वडादेखि पालिका हुँदै जिल्लास्तरसम्म भूमि फिर्ता गर्ने प्रयास सफल भएको छ, फियानका संयोजक यादवले भनिन्। आफूले कर तिरेको जमिन पूर्ण रूपमा उपभोग गर्न पाउनुपर्छ भन्ने प्रयास सफल भएको छ उनले भनिन्।

मुखियापट्टी मुसहरनिया गाउँपालिका-२ स्थित नेपाल-भारत सिमानामा पर्ने उक्त नदीले बहाव परिवर्तन गर्दा १५ जना किसान प्रभावित भएका थिए।

आफूले कर तिर्दै र उपभोग गर्दै आएको खेतीयोग्य जमिन भारततर्फ पर्दा लामो समयसम्म हातमा लालपूर्जा हुँदा पनि भूमिहीन जस्तो भएर जीवनयापन गर्नुपरेको किसान भिखारी यादवले बताए।

उनले भने आश थिएन, यस जन्ममा यो जग्गा फिर्ता पाउँछौं भनेर, किनकि विगतमा धेरै प्रयास गरियो तर पनि कुनै उपाय लागेन। खोलावारिबाट आफ्नो जमिन टुलुटुलु हेर्दै बस्नुपर्थ्यो।

विगतको दिनमा पनि सो जग्गामा खेती गर्न नपाउँदा निराशा भोग्नु परेको थियो तर लामो समयपछि पनि आफूले कर तिरेको जमिन भोगचलन गर्न पाउँदा निकै नै हर्षित भएको उनले बताए।

अर्का किसान जिवछ यादव पनि आफ्नो जग्गामा आफैँले परिश्रम गर्न पाउने भएपछि खुशीको सीमा छैन बताए। खेती किसानीबाट घर गुजारा गर्दै परिवार पाल्ने जिवछ आफूले तिर्दै आएको करको जग्गा भारततर्फ पर्दा बीस वर्षसम्म परिवार धान्न धौधौ भएको पीडा पोखे।

# ठूलो परिमाणमा गाँजा बरामद

**टुडे समाचारदाता**



राजविराज। कोशी नदीको बालुवामुनि गाडेर राखेको अवस्थामा सप्तरी प्रहरीले बरामद गरेको ठूलो परिमाणको प्रतिबन्धित गाँजा सार्वजनिक गरेको छ।

जिल्ला प्रहरी कार्यालयमा शुक्रवार पत्रकार सम्मेलनको आयोजना गरी बरामद गाँजा सार्वजनिक गरिएको छ। हनुमाननगर कंकालिनी नगरपालिका वडा १ खण्डमा पर्ने सप्तकोशी नदीमा तीन ठाउँमा बालुवा मुनि गाडेर राखेको ३० केजी दरका २७ बोरा तयारी गाँजा प्रहरीले अघिल्लो दिन बिहिवार साँझ बरामद गरेको थियो।

प्रहरी उपरीक्षक अभिनारायण काफ्लेका अनुसार उक्त गाँजाको कुल तौल ८ सय १० केजी रहेको छ।

भारतीय बजारमा महँगोमा बिक्री हुने गरेको गाँजा तस्करहरुले कोशी नदी आसपास लुकाएर राख्ने र रातिको समयमा प्रहरीको आँखा छलेर डुंगामार्फत भारतीय बजारमा लैजाने गरेको गोप्य सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालयबाट प्रहरी निरीक्षक प्रमोद खड्गाको नेतृत्वमा एक टोली त्यसतर्फ परिचालन गरी खोजतलाश गर्दा सो सफलता मिलेको उनको भनाइ छ।

नदीमा बालुवा मुनि गाँजा लुकाइ राख्ने तस्करहरु भने पक्राउ नपरेको र खोजी कार्य जारी रहेको उनले जनाए।

केही दिन यता डुंगाबाट तस्कहरुले गाँजा र मदिरा भारततर्फ पुऱ्याउने गरेको सूचना आएपछि त्यस क्षेत्रमा राति गस्तीसँगै निगरानीसमेत बढाइएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

# नाकामा उच्च सतर्कता

**टुडे समाचारदाता**

वीरगञ्ज। भारतमा पछिल्लो पटक कोरोना भाइरसको संक्रमिण देखापरेपछि सोको रोकथामका लागि वीरगञ्ज नाकामा उच्च सतर्कता अनपाउन थालिएको छ।

भारतमा कोभिड संक्रमित दैनिक बढिरहेकाले त्यहाँबाट वीरगञ्ज प्रवेश गर्ने यात्रुलाई अनिवार्य जाँच गरेर मात्रै भित्र्याउन थालिएको छ।

कोरोना भाइरसको संक्रमण छिमेकी देशमा फैलिरहेको र त्यसलाई यहाँ भित्रिन नदिन उच्च सतर्कता अपनाउनुपर्ने देखिएकाले मुख्य नाकामा रहेको हेल्थ डेस्कको सेवा प्रवाह थालिएको छ।

हेल्थ डेस्कमा आवश्यक स्वास्थ्य उपकरण, मास्क, स्यानिटाइजर लगायतका सामग्रीको कुनै कमी हुन नदिने गरी चुस्त राख्न वीरगञ्ज महानगरपालिकाका नगरप्रमुख राजेशमान सिंहले स्वास्थ्यकर्मीलाई निर्देशनसमेत दिएका छन्।

अहिले दैनिक एक जनाको एन्टिजेन परीक्षण हुनाका साथै दुई सय जनाको स्क्रिनिङ गर्ने काम गरिरहेको हेल्थ डेस्कका चिकित्सक डा अनिसा साहले जानकारी दिए। नेपालीको तापक्रम स्क्रिनिङ गर्ने गरिएको र विदेशीलाई भने एन्टिजेन नै परीक्षण गरेर पठाउने गरिएको छ।

हेल्थ डेस्कमा अहिले बिहान र बेलुकाको समयमा एन्टिजेन परीक्षण र शरीरको तापक्रम जाँच गर्ने गरिएको छ। हेल्थ डेस्कको सरसफाइ र मर्मतसम्भार गर्नुपर्ने कामलाई अघि बढाउन पनि कर्मचारीलाई निर्देशन दिएको जनाइएको छ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८